# पृष्ठभुमि

हिकोडेफले वार्षिक प्रतिवेदनको रूपमा आफुले गरिआएका विकासका कामहरू, तिनका उपलब्धिहरू, काम गर्ने क्रममा खेप्नु परेका समस्या र तिनको समाधानका उपायहरू र यि कामहरूबाट संगालिएको अनुभवलाई एकिकृत रूपमा लिपिवद्ध गर्ने गर्दछ । यस अर्थमा वार्षिक प्रतिवेदनको रूपमा निस्कने दस्तावेज लाई हिकोडेफले विगत एक वर्षको अवधिमा सम्पन्न गरेका क्रियाकलापको लिखत मात्र भन्दा पनि यस अवधिमा गरिएका समग्र कार्यक्रमहरू मार्फत हासिल भएको संस्थागत सिकाईको संगालोको रूपमा प्रस्तुत गर्ने गरिएको छ । कार्यक्रमको प्रकृति तथा आवश्यकता हेरी बेग्लाबेग्लै कार्यक्रम विशेषलाई प्रस्तुत गरिने प्रगति प्रतिवेदन भने कार्यक्रमको आवश्यकता तथा साझेदार संस्थासंगको सहमति अनुसार बेग्लाबेग्लै तयार गरी प्रस्तुत गर्ने गरिन्छ भने यो वार्षिक प्रगति प्रतिवेदन चाहीं समग्र संस्थाकै दिशाबोध गराउने तथा सरोकार राख्ने सबैलाई संस्थाको बारेमा अद्यावधिक गराउने उद्देश्यले तयार गरिएको छ ।

# २०७५/०७६ का कार्यक्रमहरूः

यस वर्ष २०७५/०७६ मा हिकोडेफले विभिन्न साझेदार संघ सस्थाहरूको सहयोग तथा आफ्नो आन्तरिक श्रोतबाट विभिन्न ५ वटा कार्यक्रमहरू संचालन गऱ्यो जसबाट यस बर्ष मात्र ३५८०२ जना प्रत्यक्ष लाभान्वित भएका छन् । यस बर्ष पहिलेका कार्यक्रमको निरन्तरता साथै सुरक्षित आप्रवासन परियोजना नगरपालिकाको साझेदारीतामा पनि थप कार्यक्रमकोरूपमा संचालन गरेको छ । यस अवधिमा प्रत्येक कार्यक्रम अर्न्तगत गरिएका क्रियाकलापहरूको विवरण, त्यसबाट हासिल गरिएका उपलब्धि, त्यसको सिकाई तथा आगामी दिनमा लिईने कदमका बारेमा छोटकरीमा उल्लेख गरिएको छ ।

# १. पशुबस्तु मुल्यश्रृंखलामा आधारीत सानाकिसानहरूको संस्था सबलिकरण परियोजना

### पृष्टभुमि

हिकोडेफले भोक र गरिबी विरूद्धको लडाई गर्दै आईरहेको हेफर इन्टरनेशनल नेपालसंग सन् २००६ देखि सहकार्य गरि साना किसान, गरिब समुदायको आर्थिक तथा सामाजिक विकासमा टेवा पुर्याउदै आईरहेको छ । तत्कालिन गाविसका हरेक घर परिवार नछुट्ने र नदोहोरिने नीति सहित महिला समुह गठन गरी ती समुहहरू मार्फत महिलाहरूको शसक्तिकरण, आय आर्जन, दुध तथा खसी बोकाको आयात निश्चित प्रतिशतमा प्रतिश्थापन गर्ने उद्देश्य सहित सञ्चालन भएको साना किसान उद्यमी सवलिकरण परियोजना ( SLVC-I) को कार्यक्षेत्रमा उत्पादन र उत्पादकत्व बृद्धि गर्ने पहिलो परियोजनाको लक्ष्य प्राप्त भएको मानी साना किसानहरूको उक्त उत्पादन लाई बजार सम्म पुर्‍याउन सहजीकरण गर्ने उद्देश्यले चालु



आधुनिक बाख्रापालन गर्दै किसान




लेकबेशी सहकारीबाट शाखा रहित बैंकिङ्गको शुरुवात

परियोजनाको अवधारणा अगाढी बढाईएको हो । गरिबीको चत्रमा पिल्सिएका किसानहरूलाई पशु तथा कृषी जन्य उत्पादनहरूको ब्यवसायिकरण तथा बजारीकरण गरि गरिबी न्युनिकरण गर्न अघिल्लो परियोजनाद्धारा स्थापना भएका सहकारीहरूको संस्थागत विकास गर्ने उद्देश्यका साथ यस संस्थाले बर्दघाट सुस्ता पूर्व नवलपरासी जिल्लाको २ नगरपालिका र २ गांउपालिका (मध्यबिन्दु नगरपालिका देवचुली नगरपालिका, हुप्सेकोट गांउपालिका र बुलिङटार गांउपालिका) को ५ ओटा सहकारीहरू ( लेकबेशी, अरूण ज्योति, हुप्सेकोट, मैनाघाट तथा जौवारी) मा पशुबस्तुको मुल्यश्रृंखलामा आधारित साना किसानहरूको संस्था सबलिकरण परियोजना (SLVC II) कार्यक्रम सञ्चालन गरेको छ । तर यस परियोजनाले समग्र उत्पादनको बजारीकरण, वित्तिय सेवामा पहुँच सहकारी मार्फत ब्यवसाय विकासका सेवाहरू प्रदान, शेयर सदस्यहरूको उत्पादनमा सहयोग लगायतका अन्य विभिन्न बिधामा पनि सहयोग र समन्वय गरि रहेको छ । यस परियोजनामा स्थानीय सरकार प्रादेशिक सरकार र संघिय सरकारहरूबाट समेत लागत सहभागिता जुटाउने र सहकारीहरूको संस्थागत विकास उत्पादनमा आधारित विभिन्न किसिमका अनुदानहरू र अन्य विभिन्न किसिमका सहयोग र समन्वय गरिएको छ ।

**उद्देश्य :**

यस परियोजनाका विभिन्न ५ वटा नतिजा लक्षित उद्देश्यहरू रहेको छन् जसलाई निम्नानुसार उल्लेख गरिएको छ ।

- साना किसानहरूको संगठन सुदृढिकरण
- लक्षित मूल्य श्रृंखलामा मागमा आधारित आपूर्ति परिमाण गुणस्तर र नीयमितता
- बजार सम्वन्धमा सुधार
- लक्षित मुल्य श्रृंखलाका तहहरूमा बस्तुको मुल्य थप भएको
- लक्षित श्रृंखलाका क्षेत्रहरूमा सकारात्मक वातावरण सृजना भएको

**यस वर्ष सञ्चालन गरिएका क्रियाकलापहरू :**

| क्र.सं | क्रियाकलाप | ईकाइ | लक्ष्य | उपलब्धि | सहकारी संस्था/स्थानीयतह |
|---|---|---|---|---|---|
| १ | सहकारी अभिमुखिकरण कार्यक्रम | वटा | ५ | ५ | ५ |
| २ | समुह अगुवाहरूको संजाल गठन र अभिमुखिकरण | वटा, पटक | ७ | ७ | ५ |
| ३ | परियोजना ब्यवस्थापन तथा समन्वय समितिको गठन र अभिमुखिकरण | पटक | ३ | ३ | ३ वटा तह |
| ४ | समुहअगुवाहरूको वैठक | पटक | ४२ | ४२ | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | सहकारीको क्षमतामापन कार्यशाला | वटा | २ | २ | २ |
| ६ | सहकारीको क्षमतामापनको समिक्षा | वटा | ३ | ३ | ३ |
| ७ | बाख्रा ब्यवसायको सम्वन्ध पद्धती नक्सांकन (मोडुल १ र २ | वटा | १० | १० | ५ |
| ८ | बाख्रा ब्यवसायको सम्वन्ध पद्धती नक्सांकन (मोडुल ३ र ४ | वटा | १० | ० | ० |
| ९ | सहकारीको वार्षिक प्रतिवेदन प्रकाशन सहयोग | वटा | ५ | ५ | ५ |
| १० | सहकारीका नीतिनियम सम्वन्धी अभिमुखिकरण | वटा | ५ | ५ | ५ |
| ११ | वित्तिय अभिमुखिकरण | पटक | ६ | ६ | २ |
| १२ | ब्यवसायीहरू संग सहकारीस्तरीय वैठक | पटक | ५ | ५ | ५ |
| १३ | पशु स्वास्थ्यप्राविधिक संग सहकारीको संयुक्त वैठक | पटक | २० | २० | ५ |
| १४ | खनिजढिक्कानिर्माणतालिम | वटा | ५ | ५ | ५ |
| १५ | सुधारिएको दानानिर्माणतालिम | वटा | ५ | ५ | ५ |
| १६ | मौसमीतथा बेमौसमी तरकारी खेतीतालिमतथाविउपुँजी सहयोग | वटा | ५ | ५ | ५ |
| १७ | जिल्ला स्तरीय अन्तर सहकारी अन्तरक्रियाकार्यक्रम | पटक | १ | १ | ५ |
| १८ | परियोजनाब्यवस्थापनतथा समन्वय समितिको लागिआधारशिलातालिम | पटक | २ | २ | ३वटा स्थानीयतह |
| १९ | विमा कम्पनी र सहकारी बिचको सहकार्यको समिक्षा कार्यक्रम जिल्ला स्तरीय | पटक | १ | १ | ७ वटा सहकारी सहभागि (ज्ञान ज्योती समेत) |
| २० | बैंक तथावित्तिय संस्था संग सहकारीको ब्यवसायिक वैठक जिल्ला स्तरीय | पटक | १ | १ | ६ (सकला समेत) |
| २१ | मुल्य श्रृंखलामा आवद्ध पात्रहरूका लागि आधारशिला तालिम | पटक | १ | १ | ५ |
| २२ | परियोजना ब्यवस्थापन तथा समन्वय समितिलाई स्थलगत भ्रमण | पटक | ३ | ३ | ३ |
| २३ | परियोजना ब्यवस्थापन तथा समन्वय समितिको वैठक | वटा | ६ | ६ | ३ |
| २४ | सहकारीको लागि अवलोकन भ्रमण | पटक | १ | १ | ५ |
| २५ | घाँसको श्रोत केन्द्र स्थापनाका लागि सहयोग | वटा | २ | २ | २ |
| २६ | साना तथा ठुला पशुको लागि खोप शिविर | वटा | ० | ३९५६ | ५ |
| २७ | साना पशुमा जुकामाटे तथा स्थानीय कुखुरामा रानीखेत विरूद्धको खोप कार्यक्रम | वटा | ९ | ९ | ५ |
| २८ | पशु स्वास्थ्य उपचार तथा बाझोपन निवारण शिविर | वटा | १ | १ | १ |
| २९ | सहभागितामुलक स्व समिक्षा तथा योजना तर्जुमा कार्यक्रम | वटा | ५ | ५ | ५ |
| ३० | बैंक तथा वित्तिय संस्था संग बैठक | वटा | ५ | ५ | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | सहकारी स्तरीय | | | | |
| ३१ | सहकारी र विमा कम्पनीका बिचमा व्यवसायीक वैठक सहकारी स्तरीय | वटा | ५ | ५ | ५ |
| ३२ | जिल्ला स्तरिय व्यापारीहरूसंगको वैठक | वटा | १ | ० | क्रियाकलाप रद्ध गरिएको |
| ३३ | सानाकिसानहरूको पहिचान र विश्लेषण | वटा | ५ | ० | रद्ध गरिएको |
| ३४ | सहकारकिो व्यवसायिक योजना निर्माण कार्यशाला | वटा | २ | १ | १ वटा स्थगित गरिएको |

**मुख्य उपलब्धिहरू :**

- यस बर्ष यस परियोजनामा आवद्ध सहकारीहरूले क्षेत्र विस्तारको साथै ५८८ जना नयाँ सदस्यता विस्तार गरेकोछ भने हाल सम्म ५ वटा सहकारीमा जम्मा ५०२७ रहेकोछ । जसले पूँजीको निर्माण तथा कारोबार बृद्धी भई व्यवसायिकता विकासमा टेवा पुर्याउने देखिएकोछ ।

- मध्यविन्दु नगरपालिका अन्तर्गत वडा नं. १४ र १५ मा नगरपालिकासंग समन्वय गरी अरूणज्योती सहकारीले आफ्नो कार्यक्षेत्र थप गरेको छ ।

- यस आथिक बर्षमा ५ वटै सहकारीबाट जम्मा ७५५८ वटा खसी बाख्रा सहकारी मार्फत जिउँदो तौल प्रणालीमा विक्रि गरेको छ । जसबाट किसानले उचित मूल्य प्राप्त गरेका छन् । भने लेकवेशी सहकारी नेपालको नै अधिकतम खसी बाख्रा विक्रि वितरण गर्नेमा उत्कृष्ट वनेको छ ।

- हाल सम्म लेकवेशी सहकारीबाट बाख्रा र घाँसको विउ बिक्रि गरी २ करोड ६४ लाख ८६ हजार २५८ बाराबरको कारोबार भएको छ ।

- सदस्यहरूको व्यवसाय विकास र विस्तारका लागि पुँजीको अभाव हुन नदिन माछापुच्छे बैंकसंग लेकवेशी सहकारीले ५० लाख रूपैया र अरूणज्योती सहकारीले ४८५००००। रूपैया प्राप्त गरेका छन् ।

- सहकारीका साधारण सभाहरू सम्पन्न भएका छन । यी साधारण सभाबाट सहकारी ऐन २०७४ र स्थानीय सहकारी ऐन संग नबाझिने गरी विनियम संशोधन गरिएको छ ।

- पशु धन सुरक्षणका लागि हिमालनय जनरल ईन्सुरेन्स कम्पनी संग समन्वय गरी लेकवेशीले काम शुरू भएको छ । भने अन्य सवै सहकारीको पनि विमामा काम गर्ने गरि प्रक्रिया अगाडी बढाईएको छ ।



हूप्सेकोट गापाको सरोकारवालाहरुबाट संयुक्तः अनुगमन

- ५ वटै सहकारी का गरी १०० जनालाई व्यवसायीक तरकारी खेती तालिम प्रदान गरी छनौट भएका व्यावसायीक योजना वनाएका १९ जना लाई प्रति सहकारी ४०,५००। का दरले २,०२,५००। रूपैया उपहार कोष समेत प्रदान गरिएको छ ।



स्थानीय सरकारका पदाधिकारीहरुलाई आधारशिला तालिम

- यस अघि व्यवस्थित नभएको संस्थागत व्यवस्थापनको पक्षलाई नियमित रूपमा अद्यावधिक र व्यवस्थित गरिएको छ ।
- लेकवेशी सामाजिक उद्यमी र हेफर नेपाल विचमा बाख्राको नश्ल सुधार परियोजनामा साझेदारी गरी सञ्चालन भई रहेको छ ।
- संस्थाले सञ्चालन गरेको परियोजनाको विस्तृत विवरण सहितको वार्षिक बजेट तथा कार्यक्रम गाउँपालिका लाई पेश गरिएको छ साथै दोहोरो पन हुन नदिन संयुक्त कार्ययोजना र समझदारी पत्र निर्माण गरी लिने दिने गरिएको छ ।
- लेकवेशी र अरूण ज्योती सहकारीमा सहकारीको दैनिक वित्तिय कारोवार व्यवस्थित गर्न सफ्टवेयर प्रणलीको अवलम्वन गरिएको छ ।
- लेकवेशी र अरूणज्योती सामाजिक उद्यमी महिला सहकारीहरू उदाहरणीय सहकारी भएकोले भ्रमण टोली भित्र्याउने गरेको छ । हाल सम्म ६० भन्दा बढी भ्रमण टोलीलाई स्वागत गरि आफ्ना असल अभ्यास हरू सुनाउने गरेको छ । भ्रमण टोली स्वागत गरेर मात्र हाल सम्म रू १,००,००० रूपैया आम्दानी गरेको छ ।
- सहकारीले आफ्नो कार्यक्षेत्रमा गई सहकारीका सेवा प्रवाह वारे जानकारी गराउने छलफल गर्ने र सुझाव संकलन गर्ने अभ्यास गरेको छ । जसले सहकारी र शेयर सदस्यलाई नजिक वनाउँदै लगेकोछ ।
- मछापुच्छ्रे बैंकसंग सम्झौता गरि बैंक को सम्पूर्ण सुविधा सहितको शाखा रहित बैंकिंग सेवा लेकवेशी सहकारीले शुभारम्भ गरेको छ ।


सहकारीद्धारा सन्तलाको संस्थागत बजारीकरण गरिदै

- यस वर्ष गाउँपालिका पशु सेवा शाखासंग समन्वय गरी सहाकारीका कार्यक्षेत्रका ८०० वटा बाख्राको अनुदानमा विमा गरिएको छ ।
- सदस्यहरूको व्यवसाय विकास र विस्तारका लागि पुँजीको अभाव हुन नदिन अरूणज्योती

र जौवारी सहकारीले युवा स्वरोजगार कार्यक्रम मार्फत ५०/५० लाख बराबरको सहुलियत दरको ऋण स्विकृत भई सम्झौता गरिएको छ ।



पशु स्वास्थ्य शिविरमा नाम लेखाउँदै

- जौवारी सहकारी अन्तर्गत सहकारीमा आवद्ध किसानहरूको उत्पादन वृद्धिका लागि प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना र मुख्य मन्त्री नमुना गाउँ कार्यक्रम संग समन्वय गरी विभिन्न कार्यक्रम हरू सञ्चालन गरिएको छ ।
- सहकारी मार्फत बजारीकरणका लागि विभिन्न स्थानका विभिन्न खालका व्यापारीहरूसंग औपचारिक र अनौपचारिक सम्वन्ध स्थापित गरिएको छ । कतिपय व्यापारीहरूसंग सहकारहिरूले लिखित सम्झौता नै गरेका छन् ।
- गाउँमै पशु स्वास्थ्य कार्यकर्ताको सेवा विहिनतालाई आपूर्ति गर्न परियोजना क्षेत्रका सवै सहकारीहरू बाट गरी ५ जना महिलालाई हेफर ईन्टरनेशनल नेपालको सहयोगमा पशु स्वास्थ्य कार्यकर्ताको तालिम प्रदान गरिएको छ, प्रति प्राविधिक १/१ सेट उपकरण र रू ३०,०००। बराबरको विउँ पुँजी पनि उपलब्ध गराईएको छ।
- अरूणज्योती सहकारीमा आवद्ध किसानहरूको उत्पादन वृद्धिका लागि महिला विभाग राष्ट्रपती जिविको कार्यक्रम अन्तर्गत ६ लाख ५० हजार रूपैयाको प्रस्तावन स्विकृत भई कार्यक्रम सम्पन्न भईसकेको छ । त्यसैगरी मध्यविन्दु नगरपालिकाबाट सामुहिक तरकारी खेतीका लागि २ लाख बराबरको प्रस्तावना स्विकृत भई सो को कार्यक्रम समेत सम्पन्न भएको छ ।
- गण्डकी प्रदेश सरकार सहकारी मन्त्रालय बाट लागत सहभागिता समेत ५० लाख बराबरको प्रस्तावना स्विकृत भई सुविधा सम्पन्न संकलन केन्द्र, पशु तथा कृषि बजार केन्द्र र कार्यालय भवन समेत निर्माणधिन अवस्थामा छ ।
- अरूणज्योती सामाजिक उद्यमी महिला सहकारीले आफ्नै नाममा ४ कठ्ठा जग्गा खरिद गरेको छ ।
- अरूणज्योती सहकारीका ३० जना शेयर सदस्यहरूलाई बाख्रा पालन व्यवसाय प्रवर्द्धनका लागि तालिम र प्रतिव्यक्ति रू १७,०००। अनुदान रकम प्रदान गरेको छ ।



सहकारीद्धारा बाखा संकलन तथा बजारीकरण

**<u>समग्र सिकाई :</u>**

- स्थानीय सरकारसंग समन्वय गरी कार्यक्रम कार्यान्वयन गर्दा सहज भएको छ एकअर्काका कार्यक्रममा अपनत्व बढेकोछ । संस्थाले स्थानीय सरकारका भूगोल भित्र गरेका

क्रियाकलापलाई ती सरकारहरूले आत्मीकरण गरेका छन् ।

- ब्यवसायीहरूसंगको विभिन्न तहका छलफल वैठकहरूबाट बजारीकरणमा बढी सहयोग र योगदान पुग्दो रहेछ ।
- सहकारीले वास्तवमै शेयर सदस्यलाई सेवा दिएमा सहकारी प्रति शेयर सदस्यहरूको आकर्षण र विश्वास बढ्ने रहेछ ।
- सहकारीले परियोजनाका कामलाई आफ्नो ठान्यो भने त्यो सहकारीमा परिवर्तन हुने र परियोजनाको कामलाई संस्थाको ठान्यो भने त्यस्तो सहकारीले उपलब्धि गर्न नसक्ने रहेछ ।



लोकल कुखुरापालनमा रम्दै सहकारीका अध्यक्ष

**समग्र चुनौतीहरू :**

- शेयर सदस्यहरूको अपेक्षा बढी र सहकारीको आर्थिक श्रोत कमी छ ।
- वास्तविक रूपमा उद्यमशीलता विकासका क्षेत्रमा लगानी गर्न ऋण लिने सदस्यहरूको संख्या न्यून छ ।
- बाहिरबाट आएका वैंक तथा वित्तिय संस्थाहरूसंग प्रतिशपर्धा गर्न साना किसानहरूको सहकारी लाई तुलनात्मक रूपमा अपठ्यारो छ । अन्य बैंक तथा वित्तिय संस्थाको चक्रवर्ति ब्याजका कारण किसानहरू मारमा पारेका छन् ।
- उत्पादनमा अझैपनि हाडनातामा गर्भधारण ।
- नियमित जुकामाटेको औषधि उपचार लगायत स्वास्थ्य सेवा सत प्रतिशत ।
- बजारीकरणका लागि ढुवानीको समस्या छ ।
- अझ पनि २/३ बर्ष सम्म पाल्ने चलन उन्मूलन हुन सकेको छैन ।

**भावि योजना :**

सहकारी अनुसार संस्था, परियोजना र कर्मचारीलाई हेर्ने नजर फरक छ, उनीहरूको हामी प्रतिको विश्वास र चासो पनि सोही अनुसार फरक छ त्यसैले संस्थाले पनि चालू वर्ष देखी उनिहरूलाई गर्ने ब्यवहारमा सोही अनुसारको राणनीति अवलम्वन गर्ने योजना अगाडी सारेको छ । कही कर्मचारीका स्वार्थ, कहि सञ्चालक समितिका पदाधिकारीको स्वार्थ र कहीं असंलग्नहरूको स्वार्थका कारण सहकारीका प्रगतिमा बाधा पुगेको महशुस भई



हुप्सेकोट गापा र परियोजना विच सहकार्य



स्थानीय कुखुरालाई खोप लगाउँदै

यो सवै स्वार्थलाई जितेर सहकारीले नतिजा हासिल गर्न सक्षम वनाउन सहकारीमा पदाधिकारी र कर्मचारीको औपचारिक र अनौपचारिक भेटघाट र छलफल कुराकानी बाट क्षमता विकास गर्नका लागि सहजीकरण गर्ने योजना यस वर्ष अवलम्वन गरिने छ । नियमित विस्तृत योजना कार्यान्वयनका लागि विगत वर्षहरूको सिकाईलाई थप प्रभावकारी वनाई निरन्तरता दिने र सुधार योग्य कुराहरू लाई सुधार गर्दै अगाडी बढ्ने योजना अगाडी सारिएको छ । सरोकारवालाहरूसंगको सम्पर्क समन्वय र साझेदारीको विगतको अभ्यास लाई पनि प्रभावकारी ढंगले अगाडी बढाईने छ ।

**लाभान्वित : (आ.ब. २०७५/०७६ सम्म मात्र)**

| घरधुरी | | | | | जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|
| दलित | जनजाती | मधेशी | ब्राह्मण क्षेत्री | जम्मा | महिला | पुरूष | जम्मा |
| ५८४ | ३४१० | ० | १०३३ | ५०२७ | ४७५१ | २७६ | ५०२७ |

## घटना अध्ययन (सफलताको कथा) :

### ३ महिनामै ३ लाख, ३ वर्षको ऋण ३ महिनामै चुक्ता ।।

हुप्सेकोट ४ झ्यालवासमा एउटा सानो घर त्यही घरको छेउमा लटरम्म फलेका तरकारी बारी र घरको आँगनमा एउटा अटो रिक्सा । हेर्दा पुरानो जस्तो देखीने बाहीर बाट ठूलै होलाकी जस्तो तर भित्र जाँदा सवै एउटै कोठा तल र माथी तला पनि उस्तै । ८३ वर्षका बुढा बुढी सहित केही केटा केटी पनि छन भित्र बाहिर गरिरहेका ।

यो हुप्सेकोट ४ को लेकवेशी सामाजिक उद्यमी महिला सहकारीका एक जना शेयर सदस्य रेनुका गाहाको घर हो । आज भन्दा ८ वर्ष अगाडी गाउँकै दन बहादुर गाहासंग मागी विहे गरेकी रेनुकाको एउटा छोरा छ । विहे अगाडी एस एल सि मात्र पढेकी रेनुकाले विहे पछि पनि अध्ययन लाई निरन्तरता दिइन जसको फल स्वरूप उनि अहिले स्नातक तहमा अध्ययनरत छन । तर उनका श्रीमान भने एस एल सी मात्र पास गरे पछि विहे अघि र पछि गरी जम्मा ११ वर्ष जति विदेश जाने आउने गरेका छन् ।

विदेशमा ३० देखी ३५ हजार नेपाली रूपैया कमाउने उनका श्रीमानको कमाईले रेनुकाको घरलाई न ठुलै आर्थिक फाईदा दिएको थियो न त रेनुका र उनका सन्तानलाई श्रीमान र बाबाको काख, त्यती थोरैमा घर परिवारको साथ छोडेर चाडबाड र आफ्नो भूमिको विरानो हुनु भन्दा कम नै कमाई भए पनि नेपाल आउन रेनुले गरेको आग्रहमा उनका श्रीमान अहिले ४ महिना देखी नेपालमै छन् । श्रीमान नेपाल पनि आउने र लेकवेशी सहकारीले हेफरको सहयोग र हिकोडेफको समन्वयमा वित्तिय सेवामा पहुँच कार्यक्रम मार्फत माछापुच्छे बैंकबाट व्यक्तिगत ऋण वितरण गर्ने भएपछि रेनुका ले सहकारीको सिफारिसमा ३ लाख रूपैया ऋण लिईन । ३ लाख रूपैंया मध्ये २ कठ्ठामा तरकारी खेती गर्नका लागि आवश्यक मल विउको तयारी गरिन र बाँकी पैसाले एउटा अटो रिक्सा खरिद गरिन । विहान वेलुका खेतवारीको काम, दिउँसोमा अटो चलाउने काममा उनका श्रीमान व्यस्त रहन थाले । घरको तरकारी बजार पुर्‍याउन र अरू यात्रीलाई सेवा दिन दुवै काममा अटोको प्रयोग बढ्यो जसबाट दुवै हातमा लड्डु मिलिरहेको छ । ऋण लिएको ३ महिनामा नै उनिहरूले बैंकको ऋण चुक्ता पनि गरी सकेका छन् । ३ वर्षका लागि लिएको ऋण ३ महिनामा नै चुक्ता गर्नुको कारण बारे जान्न खोज्दा रेनुकाले भनिन, ब्याज तिरेर अवधि कुर्न भन्दा कमाएको वेला तिरि हाल्ने र चाहिएमा फेरि लिने काईदा (तरिका) ठिक लाग्यो मलाई त्यसैले छिटै तिर्‍यौं । यो टिपोट तयार पार्दा सम्ममात्र १२ क्विन्टल तरकारी विक्रिबाट झण्डै एक लाख कमाईसकेका छन् । त्यस्तै अटोबाट पनि महिनामा खर्च कटाएर २५ देखी ३० हजार कमाई भएको उनका श्रीमानको भनाई रहेको छ । थोरै होस तर आफ्नै होस भन्ने सोचेको छु उहाँ (विदेशमा) ८० कमाउन भन्दा घरमै ४० कमाउन वढी फाईदा ठानेको छु ।



रेनुका गाहाको श्रीमान तरकारी बेच्नको लागि तयारी गर्दै

रेनुकाले अहिले सहकारीमा सहजकर्ताको काम पनि गर्न थालेकी छन् । सहकारीमा काम नगर्दा भन्दा अहिले काम गर्न थालेपछि झन श्रमको मुल्य बुझेको लगानी गर्ने क्षेत्रको श्रोतको कमि नभएको सिकाई भएको कुरा रेनुकाले वताईन । पहिले विदेश को विकल्प नै देखिदैनथ्यो श्रीमानले विदेश जान्न भन्दा गएर भए पनि कामए त हुन्थ्यो जस्तो लाग्थ्यो तर अहिले विदेश भन्दा यही केही गरे पनि कमाउन सकिन्छ भन्ने भएको छ । थोरै फाईदा र धेरै खतरा मोलेर विरानो वनेर अर्काको काम गर्नु भन्दा आफ्नै काममा स्वाभिमानी हुनु धेरै ठूलो कुरा महशुस भएको छ, जापान कोरिया नै जान पाए पनि विदेश जान्न जस्तो भएको छ श्रीमान ले थपे । तरकारीको बजार र सम्भावना तथा आगामी दिनको योजनाको विषयमा जिज्ञासा राख्दा रेनुका दम्पत्तीको एटै कुरा छ माग बढी छ अफ सिजन छोप्नु पर्छ मुल्य पनि राम्रो छ हामी ब्यापारीलाई र क्रेतालाई खोज्ने भन्दा पनि ब्यापारी हामीलाई खोज्न आउने वातावरण रहेको पाएका छौं । तरकारी खेतीमा अनुभव थिएन अमाजु दिदी र भिनाजुले गर्दै आउनु भएको थियो उहाँहरूसंग सिक्न गयौं उहाँहरू पनि यहीं आएर पनि सिकाउनु भयो त्यसरी नै गर्दै गयौं । गर्‍यो भने हुने हो नगरी केही



रेनुका गाहाको तरकारी बारी

हुँदो रहेनछ । वहुतै सम्भावना छ अहिले पनि चाडवाडका वेला तरकारीको अभाव हुन्छ वर्षायाममा तरकारी त्यस्तै महँगो छ हामी नै पनि उपभोक्ता भएर हेर्दा एकदमै मार परेको छ उपभोक्तालाई कम लागतको उत्पादन पनि उपभोक्ताकोमा आउँदा महंगो वनेर आएको छ । अहिले २ कठ्ठामा तरकारी खेती गरेका रेनुका दम्पतीको आगामी सिजनमा त्यसलाई बढाएर ६ कठ्ठा पुर्‍याउने योजनाल रहेको वताए ।

उनका श्रीमानले बुढा भएका वुवा आमा प्रतिको जिम्मेवारी र छोरा छोरी प्रतिको माया अनि ११ वर्षे वैदेशिक यात्राले धेरै कुरा सिकाएका कारण अव विदेश नजाने प्रण गरेका छन् । रेनुका ले पनि पढाई सहकारीको सानो जागिर र घरको काममा समय व्यवस्थापन गरेरै भए पनि सन्तुलनमा योगदान गर्ने योजना रहेको वताईन । सवै मिलाउँछु गर्ने पर्ने छ, उनको प्रतिवद्धता थियो ।

# २. सामुदायिक झोल पुल कार्यक्रम

## १. पृष्ठभुमी

हिमालयन सामुदायिक विकास मञ्च (हिकोडेफ) ले सरकारी तथा गैर सरकारी संघ संस्थासँगको साझेदारीमा संचालन गरेको कार्यक्रमहरू मध्ये **"सामुदायिक झोलुङ्गे पुल कार्यक्रम"** पनि एक हो । सामुदायिक झोलुङ्गे पुल स्थानीय समुदायद्धारा पुलको आवश्यकता महशुस गरी समस्याको विश्लेषण सहित आवश्यक स्रोत साधनको पहिचान गरी स्थानीय समुदायको अगुवाई तथा व्यवस्थानपनमा पुल निर्माण गरिन्छ । यस कार्यक्रमले समुदायको स्वामित्व बोध गराई पुलको मर्मत संभार रेखदेखमा समेत स्थानीयको सहभागिता सुनिश्चित गराउनेछ जसले गर्दा पुलको दिर्घकाल सम्म समुदायलाई जिवन यापनको लागि आवश्यक सेवा सुविधाको पहुचमा सहज ल्याउँछ ।

तत्कालिन् जिल्ला विकास समिति नवलपरासीको सहयोगमा हिमालयन सामुदायिक विकास मञ्चद्धारा संचालित यस कार्यक्रम सन् २००६ देखि संचालन गर्दै आइईरहेकोमा यस बर्ष देशको संघिय संरचना अनुसार नवलपरासी व.सु.पूर्व जिल्लाभरीको चार गाउँपालिकाहरू र चार नगरपालिकाहरू गरी जम्मा आठवटा पालिकाहरूको कार्यक्षेत्रमा गा.पा./न.पा. को सहयोगमा संचालन गरिएकोछ । हिकोडेफले यस बर्ष सम्पन्न गर्ने गरी ८ वटा झो.पु.हरूको र आ.व. २०७६/०७७ मा सम्पन्न गर्ने गरी ८ वटा झो.पु.हरूको कार्यादेश पाएकोमा ८ वटाको निर्माण कार्य सम्पन्न भई समुदायमा हस्तान्तरण समेत भएको छ भने बाँकी क्रमागत रूपमा रहेका छन् । यस कार्यक्रम अर्न्तगत २०७५/०७६ मा सम्पन्न गरिएका क्रियाकलापहरूको प्रगति प्रतिवेदन यहाँ उल्लेख गरिएको छ ।

## २. झो.पु. निमार्ण प्रक्रिया तथा क्रियाकलाप

➢ **निमार्ण पुर्व चरण**

- गा.पा./न.पा. , TBSU/RTAP सँग संयुक्त रूपमा बसेर छलफल
- माग संकलन ।
- सामुदायिक भेला, उपभोक्ता समिति गठन ।
- सामाजिक मुल्यांकन तथा विस्तृत सर्वेक्षण ।
- सार्वजनिक सुनुवाई ।


निर्माण कार्य सम्पन्न हप्सेकोट ५ को पाङग्रेघाट



- पुलको डिजाईन, ईस्टिमेट,नक्शा तयार ।
- पुलको डिजाईन, ईस्टिमेट,नक्शा स्वीकृति ।
- गाउँपालिका/नगरपालिका र उपभोक्ता समितिवीचको सामुदायिक सम्झौता ।
- नमुना झो.पु. तालिम ।

➢ **निमार्ण चरण**

- स्थानीय सामाग्री संकलन देखि पुलको सम्पुर्ण जडान सम्पन्न गर्ने सम्मको कार्य ।
- अभिलेख तथा लेखा र योजना खाता अध्यावधिक( सामाजिक तथा प्राविधिक कार्य)
- **सार्वजनिक समिक्षा ।**
  टावर निर्माण, लठ्ठा तान्ने र कंक्रिट सम्पन्न भएपछि अघिल्लो चरणमा गरेका कृयाकलापरूको सार्वजनिक समिक्षा भएको ।

➢ **निमार्ण पछिको चरण :**

- पुलको अन्तिम जाचँपास र कार्य सम्पन्न प्रमाण पत्र ।
- **सार्वजनिक लेखापरिक्षण ।**
- नियमित मर्मतसंभार समिति गठन ।
- पुल निमार्ण पश्चात समुदायमा पारेको असर अध्ययन ।

## ३. लक्ष्य

विशेष गरी ग्रामीण क्षेत्रमा सामाजिक विकासको रूपमा पछाडि परेका विपन्न एवम् वञ्चितमा परेका सीमान्तकृत समुदायको विकास एवम् सशक्तीकरणका माध्यमबाट उपलब्ध श्रोत, साधन, सेवा सुविधामा पहुंच, निर्णय प्रकृयामा सहभागिता, नियन्त्रण सृजना गरी सेवा प्रदायकलाई समुदायको हितमा हुने विकास कार्यमा प्रभाव पार्दै उत्तरदायी एवम् प्रभावकारी रूपमा सेवा प्रदान गरी समुदायको विकास निर्माण कार्यमा सहयोग पुर्‍याउने ।

## ४. उद्देश्यहरू

- ग्रामीण क्षेत्रमा सामाजिक विकासकारूपले अति विपन्न र वञ्चितिमा परेका समुदायको झो.पु.को माग संकलन गरी ती समुदायको विकास निर्माण कार्यमा सहयोग गर्ने ।
- योजना तर्जुमा, प्राथमिकिकरण, कार्यान्वयन गरी गा.पा./न.पा.मा पठाई कार्यक्रमलाई अगाडि बढाउने ।
- गा.पा./न.पा. एवम् अन्य सरकारी, गैर सरकारी संस्थाले वढि समावेशी, नीति र तिनको काम गर्ने तरिका, ब्यावहार, शैली, प्रवृतिमा सकारात्मक परिवर्तन ल्याई संस्थागत, नीतिगत, कानुनी एवं संरचनागत सुधार एवं परिवर्तन ल्याउन सक्षम वनाउने ।
- सामाजिक विकास निर्माण प्रति समुदायको दायित्व र कर्तब्य निर्वाह गर्ने भूमिका वारे सचेत गराउने ।

- समुदायलाई झो.पु. निर्माण प्रक्रिया बारे जानकारी गराई सामाजिक तथा प्राविधिक सहयोग गरी विकास निर्माण कार्यलाई सबल र सक्षम तरिकाले अगाडि बढाउन प्रेरित गराउने ।



सार्वजनिक समिक्षा फर्साघाट झो.पु. कावासोती

## ५. संम्पन्न गरिएका क्रियाकलाप तथा प्राप्त उपलब्धीहरू

- यस कार्यक्रम सन् २००६ देखि २०१८ सम्म जम्मा २३ वटा पुलहरू तथा यस बर्ष ८ वटा पुल गरी जम्मा ३१ वटा पुलहरू निमार्ण कार्य सम्पन्न गरि समुदायलाई हस्तान्तरण गरिएको थियो ।


सम्पन्न गरिएका झा.पु. को नामावली यस प्रकार रहेकोछ ।
१.कल्याण टारी झो.पु. २.साघुरी खोला झो.पु. ३.टाउन खोला ट्रस पुल ४.सताकुन आरनघाट झो.पु ५.सुखौरा खोला झो.पु ६.निरिण्डी खोला झो.पु ७.ढाँसीघाट ट्रस पुल ८.मुरलीखोला झो.पु. ९.आँपस्वरापानीघाट झो.पु. १०.भेसलारघाट झो.पु. ११. बरपिपलघाट झो.पु. ट्रस १२. नदियाटोला झो.पु. N १३. करम्बेघाट झो.पु. १४. केलादीघाट झो.पु. १५. चुहान्दीघाट झो.पु. १६. पाडाटिकर झो.पु. N १७. उत्तरायन झो.पु. १८. बौदी झो.पु. १९. पत्थरखोला झो.पु. N २०. तिलकाना झो.पु. N २१. साधखोला लोहोरे झो.पु. २२. कुसुन्डेखोला झो.पु. २३. ईल्लीखोला छत्तीवनघाट झो.पु. २४. गोमनसिंह ट्रस पुल हुप्सेकोट ६, २५. पांग्रेघाट झो.पु. हुप्सेकोट ५, २६. किचकिनीघाट ट्रस पुल हुप्सेकोट ५, २७. फिर्दीखोला ट्रस पुल बुलिङटार ३, २८. सिंहदार ट्रस पुल बुलिङटार २, २९. महेश्वरखोला ट्रस पुल गैंडाकोट १८, ३०. रूम्बाकखोला झो.पु. विनयीत्रिवेणी ५, ३१. बौलाहखोला झो.पु. देवचुली १२ ।

- सामुदायिक सम्झौता भई आ.व. २०७६/०७७ सम्पन्न गर्ने गरी क्रमागत रूपमा रहेका ९ वटा पुलहरूको किस्ता रकम प्राप्त गुरेका छन् ।

१. फर्साघाट झो.पु. कावासोती १७
२. स्वामीघाट झो.पु. हुप्सेकोट ४
३. छिन्दीघाट ट्रस पुल हुप्सेकोट २
४. चुहानथरघाट झो.पु. हुप्सेकोट ४
५. जावुघाट ट्रस पुल हुप्सेकोट २ र ५
६. धौलाबसेनी झो.पु. हुप्सेकोट ५,
७. कुखुरेजोरखोला झो.पु. बुलिङटार ३
८. रकुवाखोला ट्रस पुल बौंदीकाली ३ र ४
९. चवार्दी खोला झो.पु बौंदीकाली ६

- यसै आ.व. २०७६/०७७ सम्पन्न गर्ने गरी ५ वटा झो.पु.को नयाँ सर्वेक्षणको काम सम्पन्न भई विस्तृत डिजाईन ईष्टिमेट (DPR) तयार भएको छ।

१. पानीघट्ट झो. पु. बुलिङटार ३ र ४




पारदर्शिताका लागि निर्माण स्थलमा राखिएको होर्डिङ्ग बोर्ड

२. दोभान झो. पु. बुलिङटार ५

३. धोब्लेघाट झो.पु. विनयी त्रिवेणी ५
४. बोझाघाट झो.पु. मध्यविन्दु १३

५. भिरको टोपी झो.पु. बौंदीकाली ४

- सवै साझेदार संस्थाहरू टि.वि.एस.यु. हेल्भेटास, आर.टि.ए.पि. र हिकोडेफद्धारा सवै गाउँपालिका तथा नगरपालिकासंग समन्वयात्मक बैठक सम्पन्न भई काम गर्ने वातावरण तयार भएको छ ।


जगमा पानी हाल्दै महिलाहरु

## ६. समस्याहरू

- फरक फरक पालिकाहरू भएको हुँदा कार्यक्रम प्रतिको बुझाईमा समस्या आएकोले क्रियाकलाप गर्दा कार्य गर्न अन्यौलता आएको र जसले गर्दा काममा ढिलासुस्ती भएको ।
- जिल्ला समन्वय समिति ⁄ जिल्ला प्राविधिक कार्यालय नै नहुँदा काहाँबाट कसरी कार्य गर्ने भन्ने अन्यौलता भई कार्य सम्पन्न गर्न कठिनाई तथा ढिलासुस्ती भइको ।
- पालिका हरुले रकम विनियोजन नगर्दा समयमा रकम भुक्तानी नभएको र समुदायमा कामदारलाई समस्या परेको ।
- सम्बन्धित पालिकाहरुद्धारा समयमा नै स्टिल पार्ट्सहरुको लागि फेव्रिकेटर छनौट प्रकृया गर्न नसक्दा पुलहरू समयमा सम्पन्न हुन सकेन ।

## ७. सुझावहरू

- गा.पा. ⁄ न.पा.ले गर्नुपर्ने कार्यहरू जस्तैः कामदारको विमा, फेव्रिकेट छनौट गरि सामांग्री खरिद आदी समयमा नै गर्नुपर्ने ।
- निर्माण कार्य वर्षा भन्दा अगावै सक्ने योजना बनाउने ।
- District Bridge Record (DBR) अनुसार पुलहरूलाई प्राथमिकतामा राखी योजना बनाई कार्यान्वयन गर्नुपर्ने ।
- कार्य प्रणालीमा एकरूपता ल्याउन सबै गा.पा. ⁄ न.पा.हरुसँगको संयुक्त बैठक गोष्ठी गर्नु पर्ने ।


निर्माण कार्य सम्पन्न बुलिङटार ३ को फिर्दीलोला ट्रस पुल



ले आउट स्थानीय निर्माण सामाग्री संकलन तथा निर्माण कार्य गर्दै

## ८. प्रत्यक्ष लाभान्वित जनसंख्या

| जातिगत विवरण | घरधुरी संख्या | | | लाभान्वित जनसंख्या | | |
|---|---|---|---|---|---|---|
| | गरीव | गरीव बाहेक | जम्मा | महिला | पुरूष | जम्मा |
| दलित | १६६ | ५० | २१६ | ७८२ | ६०९ | १३९१ |
| जनजाती | १२७१ | ३९४ | १६६५ | ५४९६ | ४९४९ | १०४४५ |
| अल्पसंख्यक | ० | ० | ० | ० | ० | ० |
| ब्राम्हण क्षेँत्री,ठकुरी | ५६ | ९६ | १५२ | ४८६ | ३५७ | ८४३ |
| **जम्मा** | **१४९३** | **५४०** | **२०३३** | **६७६४** | **५९१५** | **१२६७९** |

# ३. सुरक्षित आप्रवासन परियोजना

## पृष्टभुमि

नेपाल सरकार तथा स्वीस ईन्टरकोअपरेशनविच भएको सम्झौता अनुसार हाल नेपालमा सुरक्षित आप्रवासन परियोजना हेल्भेटास नेपालले संचालन गरिरहेको छ । यसै क्रममा सामी हेल्भेटास स्वीस ईन्टरकोअपरेशन नेपालको साझेदारीमा हिमालयन सामुदायिक विकास मञ्च कावासोती, नवलपरासीले १३ फेब्रवरी २०१४ देखि नवलपरासी जिल्लामा तत्कालिन सूचना केन्द्र (हाल आप्रवासी स्रोत केन्द्र) स्थापना गरी सुरक्षित आप्रवासन परियोजना संचालन गरिरहेको छ । १६ सेप्टेम्बर २०१८ देखि १५ जुलाई २०१९ (१ असोज, २०७५ देखि ३१ असार, २०७६) सम्मको सुरक्षित आप्रवासन परियोजना अन्तर्गत सम्पन्न गतिविधि तथा प्रगतिहरू समेटी यो प्रतिवेदन तयार पारिएको छ ।



आप्रवासी स्रोत केन्द्रमा सेवाग्राहीलाई परामर्श



मध्यविन्दु नगरपालिकासंग सहकार्यका लागि सम्झौता

आ.व. २०७५/०७६ जिल्ला प्रशासन कार्यालयबाट एमआरपी लिएका व्यक्तिहरूको संख्या तथा वैदेशिक रोजगारीमा महिला कामदारहरू बढी रहेको तथ्यांकको आधारमा सामाजिक परिचालन गर्न नवपरासी ( वर्दघाट सुस्ता पूर्व) जिल्लामा यस वर्षका लागि चारवटा नगरपालिका (कावासोती, मध्येविन्दु, गैडाकोट र देवचुली) तथा दुई गाउंपालिका (हुप्सेकोट तथा बौदीकाली) छनोट गरी परियोजना कार्यान्वयन भईरहेको छ । उक्त क्षेत्रहरूमा १४ जना रिटर्नी स्वयंसेवक परिचालन तथा समुदाय स्तरीय अभिमुखी कार्यक्रमहरू संचालन गरियो ।

सुरक्षित आप्रवासन परियोजना अन्तर्गत आप्रवासी स्रोत केन्द्र कावासोती ३ संगमचोकमा जिल्ला प्रशासन कार्यालय नजिकै स्थापना गरी दैनिक रूपमा वैदेशिक रोजगारीमा जान चाहने संभावित कामदारहरूलाई परामर्श दिने तथा साप्ताहिक रूपमा साप्ताहिक अभिमुखीकरणहरू संचालन गर्ने, केशहरू दर्ता गरी संबन्धित निकायहरूमा सिफारिस तथा फलोअप गर्ने र सीप तालिम लिनका लागि संभावित कामदारहरूलाई प्रोत्साहन गर्ने तथा ईच्छुकहरूलाई सिफारिस गर्ने, वित्तिय साक्षरता कक्षा संचालन गर्ने, वैदेशिक रोजगारीमा गएका परिवारहरूको तथ्यांक संकलन गर्ने, राहदानी लिएका र लिने तयारीमा रहेकाहरूसँग प्रत्यक्ष भेटघाट गरी सुरक्षित वैदेशिक रोजगारीका बारेमा जानकारी दिने, सरोकारवाला निकायहरूलाई यसका बारेमा अभिमुखिरण तालिम प्रदान गर्ने जस्ता कार्यहरू गरिएकोछ ।

यस अवधिमा सुरक्षित आप्रवासनको सवालमा कार्य गर्नका लागि कावासोती नगरपालिकाबाट रू.४००,०००, गैडाकोट नगरपालिकाबाट रू. ५००,००० र मध्यविन्दु नगरपालिकाबाट रू. ५००,००० रकम विनियोजन गरी सुरक्षित वैदेशिक रोजगारसम्बन्धी सवालमा साझेदारी तथा सहकार्य गरिएको छ । जस अन्तर्गत ८ जना कर्मचारीहरूको व्यवस्था गरी परिचालन गरियो ।

परियोजनाको लक्ष्य तथा उद्देश्य पूरा गर्न जिल्लामा रहेको जिल्ला परियोजना समन्वय समिति, जिल्ला तथा ईलाका प्रशासन कार्यालय, जिल्ला विकास समिति, जिल्ला तथा ईलाका प्रहरी कार्यालय, जिल्ला शिक्षा कार्यालय लगायत जिल्ला नगरपालिका जस्ता सरकारी तथा नेपाल पत्रकार महासंघ, गैर सरकारी महासंघ, गैरसरकारी संस्थाहरूसंगको समन्वय तथा सहकार्यमा क्रियाकलापहरू संचालन भएका छन् ।

## उद्देश्य

**वैदेशिक रोजगारलाई सुरक्षित र उपलब्धीमुलक वनाउन ।**

- आप्रवासी कामदारलाई सही निर्णय लिन सक्षम वनाउन विभिन्न किसिमको सुचना प्रवाह गर्ने ।
- वैदेशिक रोजगार को क्रममा हुन सक्ने सम्भाब्य ठगी वाट वचने उपायहरू सिकाउने ।
- ठगी तथा समस्यामा मा परेकोहरू लाई निशुल्क कानुनी सहयोग गर्ने र समस्या सामाधान का लागी सम्वन्धित संस्था संग समन्वय गराईदिने ।
- निशुल्क सीप तालिम प्राप्त गर्न संस्था संग समन्वय गराईदिने ।

## लक्षित वर्ग

- वैदेशिक रोजगारीका लागि मेनपावर कम्पनीसम्म पुर्याउने एजेन्टहरू

- वैदेशिक रोजगारका सम्भावित कामदारहरू
- वैदेशिक रोजगारीमा रहेका परिवारहरू
- वैदेशिक रोजगारबाट फर्केका कामदारहरू
- विद्यालयका विद्यार्थी, शिक्षक
- समुदायमा रहेका महिला समूह, नागरिक सचेतना केन्द्र, वडा नागरिक मञ्च, सामुदायिक वन समूह



वित्तीय साक्षरता सचेतना कार्यक्रम, कावासोती

**यस बर्ष संचालन गरिएका क्रियाकलापहरू**

| क्रियाकलापहरू | बार्षिक लक्ष्य | उपलब्धीहरू | पुरूष | महिला | जम्मा |
|---|---|---|---|---|---|
| व्यक्तिगत तथा समुह परामर्श | ५६०० | ८५३८ | ५९४३ | २५९५ | ८५३८ |
| साप्ताहिक अभिमुखिकरण | ४ | ४ | ४८ | १७ | ६७ |
| सामुदायिक अभिमुखिकरण | २ | २ | ४८ | ६३ | १११ |
| रिटर्नी परिचालन | १४ | १४ | ११ | ३ | १४ |
| फोटोकपी ब्यवसायीसंग वैठक | १ | १ | ३ | ८ | ११ |
| पालिकाहरूसंग समन्वयात्मक वैठक | ३ | ३ | ३५ | १५ | ५० |
| जिल्ला प्रशासन तथा प्रहरी कार्यालयसंग समन्वयात्मक वैठक | १ | १ | २० | ८ | २८ |
| ब्यक्तिगत मनोसामाजिक परामर्श | ३७ | ४० | ३ | ३७ | ४० |
| सामुहिक मनोसामाजिक परामर्श | १५ समूह | १५ समूह | ० | ३५८ | ३५८ |
| जानकारी, शैक्षिक तथा सूचनामूलक सामग्री उत्पादन तथा वितरण | भिजिटिङ्कार्ड १0,000 दैनिक रजिष्टर ४ वटा, हाते पुस्तक ५000, पैसाको भरपाई २000 | | भिजिटिङ्कार्ड १0,000 दैनिक रजिष्टर ४ वटा, हाते पुस्तक ५000, पैसाको भरपाई २000 | | |
| आप्रवासी कामदार हकहित संरक्षण मञ्चको क्षमता अभिवृद्धि कार्यक्रम | २ | २ | २४ | १२ | ३६ |
| अन्तराष्ट्रिय आप्रवासन दिवश कार्यक्रम | १ | १ | ३५ | २० | ५५ |
| पत्रकार सम्मेलन | १ | १ | २९ | ५१ | ८० |
| वित्तीय साक्षरता कक्षा | १५ समूह | १५ | ० | ३५८ | ३५८ |
| सामुहिक सचेतनामूलक कार्यक्रम | २ समूह | २ समूह | ७४ | १०१ | १७५ |
| वित्तीय साक्षरता सचेतीकरण कार्यक्रम | १ समूह | १ समूह | ८ | ६७ | ७५ |
| आप्रवासी स्रोत केन्द्रका सेवाग्राहीहरूको अभिलेखीकरण | ५६०० | ८५३८ | ५९४३ | २५९५ | ८५३८ |

## मुख्य उपलब्धीहरू

- यस अवधिमा विभिन्न स्रोतहरूमार्फत आप्रवासी स्रोत केन्द्रमा जम्मा ८५३८ जना (५९४३ जना पुरूष तथा २५९५ जना महिला) आएर सूचना लिएका छन् ।
- सामाजिक परिचालन तथा अभिमुखीकरण कृयाकलापहरूमार्फत १११ जना (४८ जना पुरूष तथा ६३ जना महिला) लाई सुरक्षित वैदेशिक रोजगारीको बारेमा सूचना सम्प्रेषण गरिएको छ । त्यसैगरी गहन अभिमुखीकरण कार्यक्रममा ६७ जना सहभागी भएका छन् भने महिला सहभागीता १७ जना रहेको थियो ।

- त्यसैगरी परियोजनाको १४ जना रिटर्नी स्वयंसेवकहरूको (९ जना सामी हेल्भेटास, स्वीस सरकारको सहयोगमा तथा ५ जना पालिकाहरूको सहयोगमा) माध्यमबाट १५८७३ (८३९० जना महिला) जनालाई घरभेट, संस्थागत भेटघाट तथा व्यक्तिगत भेट मार्फत सूचना दिइएको छ ।



मनोसामाजिक परामर्श

- रिटर्नी परिचालनबाट वैदेशिक रोजगार सम्बन्धित महत्वपूर्ण तथ्याङ्कहरू संकलनका साथै यस सवालमा देखिएका समस्याहरू निराकरण गर्नका लागि उल्लेख्य उपलब्धी हासिल भएको छ जस्तै रिटर्नीहरू मार्फत सम्प्रेसन गरेका आधारभुत सूचनाहरूको कारण १५८१ जनाले महत्वपूर्ण कागजात घरमा छाडेर गएका छन्, बैदेशिक रोजगारमा जाँदा लाग्ने रकममा ६ लाख ४ हजार घटाउन सफल भएका छन्, फ्रि भिसा फ्रि टिकटमा न्युनतम रू १० हजार मात्र तिरेर जानेको संख्या ८४ जना रहेको छ, सिपमुलक तालिमको लागि १४ जनालाई रिफर गरेका छन्, सूचना केन्द्रमा १७४ जनालाई सूचनाको लागि सिफारिस गरेका छन्, त्यसैगरी ४६ वटा केशलाई सिफारिस गरेका छन भने १ वटा केश सफल बनाउन मद्दत गरेकोछ ।
- आप्रवासीहरूको सवालमा आवाज उठाउनका लागि यस परियोजना अन्तर्गत गठन गरिएका आप्रवासी कामदार हकहित संरक्षण मञ्चले कावासोती, गैडाकोट, देवचुली नगरपालिका र विनयी त्रिवेणी गाउँपालिका स्तरीय आप्रवासी कामदार हकहित संरक्षण मञ्च गठन गरी सुरक्षित वैदेशिक रोजगारीको सवालमा सचेतनामूलक तथा दवावमूलक कार्य गरिरहेको छ ।
- आप्रवासी कामदार हकहित संरक्षण मञ्चद्वारा स्थानीयतहबाट सुरक्षित वैदेशिक रोजगारको सवालमा रकम विनियोजनका लागि पालिकाहरूमा प्रस्तावपत्र पेश गरिएको । जस मध्ये देवचुली नगरपालिकाबाट रू ३,००,००० तीनलाख तथा हुप्सेकोट गाउंपालिका वडा नं. ४ बाट रू ५००,००० पांच लाख रूपैयां विनियोजन गरिएको छ ।
- आप्रवासी कामदार हकहित संरक्षण मञ्च, नवलपरासीका पदाधिकारीहरूलाई संस्थागत विकास तथा क्षमता विकास तालिमको आयोजना गरियो ।
- प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालयका प्रमुख, नगर शिक्षा अधिकृत, सरकारी वकिल कार्यालयका न्ययाधिवक्ता तथा ८ वटै पालिकाहरूका प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतहरूको उपस्थिति हुने गरी जिल्ला समन्वय समितिको आयोजनामा जिल्लास्तरीय सरोकारवालाहरूको वैठकमा सुरक्षित आप्रवासन परियोजनाको हालसम्म गरेका गतिविधि, उपलब्धी, चुनौति तथा सिकाईहरू र आ.व. २०७६/०७७मा परियोजनाको नयां रणनैतिक उद्धेश्यका बारेमा जानकारी गरियो ।
- नेपालबाट वैदेशिक रोजगारीमा जाने मध्ये करिब ७५ प्रतिशत कामदारहरू अदक्ष वा बिनासिप नै जाने गरेको विभिन्न तथ्यांकहरूले देखाएको छ । गत वर्ष देखि सामी हेल्भेटास मार्फत नै तालिमका कार्यक्रमहरू संचालन भएको हो । कार्यक्षेत्रभित्र र वरपरका क्षेत्रबाट आप्रवासी स्रोत केन्द्रमा विभिन्न तरिकाबाट सम्पर्क गरेका संभावित युवायुवतीहरूलाई यस वर्ष पुरूषहरूका लागि मेशन र सटरिङ कार्पेन्टर तथा महिलाहरूको लागि गार्मेण्ट तालिममा निशुल्क रूपमा उपलब्ध गराउदै आएको छ



वित्तीय साक्षरता कक्षा पछि व्यवसाय शरु

। जस अनुसार ८२ जनालाई सिफारिस गरिएकोमा ३० जनाले विभिन्न तालिम लिएका थिए ।



वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा

- वैदेशिक रोजगारीले राष्ट्रका निम्ति योगदानका साथमा विकृतिहरू तथा समस्याहरू पनि निम्त्याईरहेको छ । यसका लागि पिडित पक्षलाई न्यायको पहँचमा पुर्‍याउनुपर्ने र न्याय दिलाउनुपर्ने आवश्यकताको महसुस गरि वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार वोर्ड, गन्तब्य देशका दुतावास, सामी हेल्भेटास, पिएनसीसी, पिपुल्स फोरमको सहयोगमा आप्रवासी स्रोत केन्द्रले कार्य सम्पादन गर्दै आइरहेको छ । त्यसै गरी स्थानीय सरोकारवालाहरू जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा न्यायिक समितिसंगको सहकार्यमा आप्रवासी स्रोत केन्द्रले स्थानीय स्तरमा पनि समस्याको समाधान गरेका छन् ।
- बैदेशिक रोजगारका क्रममा ठगी, मृत्यू, बिरामी, अंगभंग, मेडिकल फेल, घरेलु हिंसा, भनेको कामदाम नपाएको लगायतका विभिन्न समस्याहरूमा सहयोग पुर्‍याउने कार्य गरिरहेको छ । त्यस सन्दर्भमा यस अवधि भरमा २०२ वटा केश दर्ता भई यस वर्षको ६३ तथा अघिल्लो वर्षको ९५ गरी जम्मा १५८ वटा केश समाधान भएका छन् । यस क्रममा विभिन्न कारणबाट पिडित पक्षले २ करोड ९४ लाख २० हजार ( यस वर्षका केशहरूको २ करोड, १ लाख ६५ हजार तथा अघिल्लो वर्षका केशहरूको ९२ लाख ५५ हजार रूपैंया) क्षतिपूर्ति सेवाग्राहीलाई दिलाउन सहजीकरण गरिएको छ । अघिल्लो वर्षका १४९ केश सहित ३५१ वटा समस्याहरू हाल प्रकृयामा रहेका छन् ।
- रिटर्नी, संचार साधन, विद्यालय सचेतना कार्यक्रम, स्थानिय महिला अगुवा, समुह मनोपरामर्श, मनोसामाजिक परामर्शकर्ता स्वयम्का माध्यमबाट वैदेशिक रोजगारका कारणबाट समस्यामा परेका ब्यक्ति तथा तिनका परिवारको समस्या पहिचान गरी उनीहरूको मनोगत समस्या पत्ता लगाइ विभिन्न विधिहरू प्रयोग गरी समस्या न्युनिकरण गरिएको छ ।
- आप्रवासी स्रोत केन्द्रमा आएका तथा समुदाय भेटघाटबाट भेटिएको मनोसामाजिक समस्याहरू मध्ये अवस्था विश्लेषण गरि यस अवधिमा ब्यक्तिगत ४० वटा केश दर्ता गरि मनोसामाजिक परामर्श गर्ने काम गरिएको छ । त्यसैगरी १५ वटा समूहमा आप्रवासी कामदारका परिवार ३५८ जना (वित्तीय साक्षरता कक्षामा सहभागी) लाई सामुहिक मनोसामाजिक परामर्श सेवा उपलब्ध गरियो । भने ब्यक्तिगत ३७ वटा केश सामान्य अवस्थामा आई सकेको छ । बांकी १ वटा केशहरू बन्द गर्ने तयारीमा रहेको छ ।
- बैदेशिक रोजगारमा गएका परिवारहरूलाई दिगो जीवन निर्वाहका लागि वैदेशिक रोजगारीमा आर्जन गरेको रकमको सहि र ब्यवस्थित सदुपयोगका लागि योजना निर्माणमा सघाउ पुर्‍याउने उद्धेश्यका साथ अवधिमा वित्तिय साक्षरता कार्यक्रम गैडाकोट नगरपालिका ७, ८, ९, १२ र १६मा, मध्यविन्दु नगरपालिका वडा नं. २, ५, ८, १० र १३ मा तथा कावासोती नगरपालिका वडा नं. ११, १२, १३ र १७ मा गरी १५ वटा समूहमा कक्षा संचालन गरिएको छ । यस कार्यक्रम अर्न्तगत भए गरेका क्रियाकलाप तथा उपलब्धीलाई तल देखाइएको छ ।




छापा संचारमा सुरक्षित आप्रवासन

- वर्तमान चरणमा संचालन भएको कक्षामा ३५८ जना आप्रवासी कामदारका परिवारहरू सहभागी रहेको थिए भने उक्त चरणको

कक्षा संचालनबाट आएका उपलब्धीहरूलाई निम्न वमोजिम प्रस्तुत गरिएको छ ।

| क्र.सं. | व्यवहार परिवर्तनका सूचकहरू | कक्षा अगाडी | कक्षा पछाडि | कैफियत |
|---|---|---|---|---|
| १ | वैदेशिक रोजगारमा गएको व्यक्तिको कागजपत्र घरमा मगाएर राखेको | | २४४ | |
| २ | हिसाबकिताव लेखेर राख्ने गरेको | | ३२१ | |
| ३ | प्राप्त भएको विप्रेषण सबै घरमा नल्याई वित्तीय संस्थामा जम्मा गर्ने गरेको | | ३९ | |
| ४ | वित्तीय लक्ष्य निर्धारण गरेको | | ३०१ | |
| ५ | वचत गर्ने व्यक्तिको संख्यामा वृद्धि | | २०३ | |
| ६ | बचत रकममा वृद्दि भएको | | ३४२५५ | मासिक |
| ७ | बालबालिकाको बचत गरेको | | ३० | |
| ८ | व्यवसायिक योजना बनाई शुरू गरेको | | २६० | |
| ९ | व्यवसाय शुरू गरेका | | १०८ | |
| १० | आकस्मिक रूपमा चाहिने महत्वपूर्ण नम्बरहरू मोबाईलमा सेभ गरेको | | २७० | |

- जनप्रतिनिधि (वडा अध्यक्ष)को सहयोगमा वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षाका अति विपन्न सहभागीहरुलाई व्यवसाय संचालन गर्नका लागि अनुदान उपलब्ध गराउने प्रतिवद्धता जाहेर भएको छ (गोछाडाटार वित्तीय साक्षता तथा मनोसामाजिक समूह, कावासोती १७) ।
- भागरा वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श समूहका सहभागीहरूका लागि वडा कार्यालयबाट सीपमूलक तालिमको आयोजना गर्ने जनप्रतिनिधि (मध्यविन्दु ८ का वडा अध्यक्ष)को प्रतिवद्धता जाहेर भएको छ ।



वित्तीय साक्षरता कक्षा पछि व्यवसाय शुरु

**लाभान्वित जनसंख्या**

| जातजाती | दलित | जनजाती | मधेशी | बाहुन क्षेत्री | जम्मा |
|---|---|---|---|---|---|
| **घरधुरी** | १६७८ | ८०२९ | ३८४ | ७३०२ | **१७३९३** |
| **पुरूष** | ११९४ | ६०७७ | २६९ | ४७८२ | **१२३२२** |
| **महिला** | **६२२** | **२३३७** | **१३३** | **२७८५** | **५८७७** |

## समस्या तथा चुनौतीहरू


रिटर्नी सवयंसेवकद्वारा घरभेट कार्यक्रम

- सीपमूलक तालिमका लागि सामी हेल्भेटासबाट तालिमप्रदायक संस्थाहरूको छनोटमा ढिलाई तथा सीमित विषयमा मात्र तालिम संचालन भएको हुंदा सेवाग्राही पठाउन समस्या भएको ।
- मनोसामाजिक परामर्श पश्चात् सम्बन्धित सेवाग्राही आफूमा धेरै परिवर्तन आए पनि गोपनियताका कारण कार्यक्रमको सफल परिवर्तन सबैले थाहा पाउने गरी बाहिर ल्याउन नसकिँदा कार्यक्रमको परिवर्तनको यथार्थ अवस्था अवगत गराउन नसकिएको ।
- सेवाग्राहीहरू प्रशासन कार्यालयमा कागजपत्र मिलाई सकेपछि फर्किन हतार गर्ने र जिल्लाका टाढाका मानिसहरू बेलुका घर पुग्न हतार गर्नले परामर्श तथा अभिमुखिकरण लिनमा हतार गर्ने गरेको जसले गर्दा स्पष्ट र पर्याप्त जानकारी लिन नसक्नु ।
- नियमित फलोअप गर्ने क्रममा केहि सेवाग्राहीहरूले सही जानकारी दिन नचाहाने । फोन गर्दा परिवारको अर्के ब्यक्तिले फोन उठाउँदा सम्बन्धित ब्यक्तिको बारेमा पूर्ण जानकारी प्राप्त गर्नमा कठीन भएको ।
- सरकारले तोकेको अधिकत्तम लागतभन्दा वढि रकम असुल्ने, ठगी गर्ने मेनपावर कम्पनीहरूलाई सरकारी निकायहरूले प्रभावकारी नियमन नगर्दा सामी परियोजनाको प्रयत्नहरूले पूर्ण रूपमा सार्थकता पाउन सकेको छैन ।
- एजेन्टको चपेटामा परेको सहभागी लाई परामर्श गर्न समस्या भएको ।
- मेनपावर तथा उजेन्टहरूबाट ठगीका लागि नयां गन्तब्य मुलुकमा पठाउने बाहना (पोर्चुगल, पोल्याण्ड, मौरिसस, चेक गणतन्त्र, माल्टा आदि) ।
- ठगीका नयां रूपहरू देखिएको (अवैधानिक वचत तथा ऋण सहकारी संस्थामा जनही १ देखि ७ लाख रूपैयां सम्म जम्मा गर्न लगाई करीव १५ सय जनालाई ठगी गरेको)
- वित्तिय साक्षरता कक्षाका सहभागीलाई शतप्रतिशत उपस्थिति गराउन समस्या भएको ।
- स्थानीय जनप्रतिनिधिहरूबाट सहयोग नभएका स्थानहरूमा साक्षरता कक्षा संचालन गर्न कठिनाई भएको ।

## सिकाईहरू

- रिटर्नी स्वयंसेवकहरूको परिचालनबाट स्थानीय तहका केश तथा समस्याहरू पहिचान गर्न सहज हुने ।
- सूचना, परामर्श प्रदान गर्दा, समुहसँग छलफल गर्दा दृष्य सामग्री, सफल वा असफल कथा, घटना आदि प्रस्तुत गरेर छलफल गर्दा कार्यक्रम प्रभावकारी हुने ।
- वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षाका सेवाग्राहीद्वारा परिवार ब्यवस्थापनका लागि आर्थिक रूपमा सक्षम हुन गाँउमै बसेर गर्न सकिने प्रकृतिको सिप लिएर ब्यवसाय गर्ने इच्छा गरेकाले सामी परियोजना भित्रै वा अन्य संघसंस्थाको सहयोगमा महिलाहरूले गाँउमै ब्यवसाय गर्न सक्ने सिप प्रवर्द्धन सम्बन्धी कार्यक्रम भएमा अझ राम्रो हुने ।
- सरकारले तोकेको दरमा हामीलाई उडाउदैन यो त भन्ने मात्र हो भनी समुदायका ब्यक्तिहरूले भन्ने गरेको वेला यसबारेमा जानकारी पाएपछि एजेन्टसंग मोलमोलाई गरी रकम घटाएको उदाहरण पेश गरे पछि विश्वास जित्न सजिलो हुने तथा रकम घटाउन सहयोग पुगेको ।
- मनोपरामर्शमा सेवाग्राहीसंग राम्रो सम्वन्ध विस्तार नभएसम्म विधिको प्रयोग गर्दा विधि प्रभावकारी नहुने र सेवाग्राहीमा परिवर्तन दिगो ल्याउनका लागी उनीहरूका विकल्पलाई नै सहजीकरण गरी अवलम्वन गरिदिदा प्रभावकारी हुने रहेछ ।

- समस्यामा परेका आप्रवासी कामदारहरूको उद्धारका लागि प्रवासमा रहेका संयन्त्रहरूको महत्वपूर्ण भूमिका रहने ।

## ४. जलवायु परिवर्तन सिकाई तथा अनुकलनका लागि समुदाय क्षमता अभिबृद्धी परियोजना

### पृष्टभुमि



तरकारी फार्म दुर्लुङ्ग

हिकोडेफले सन् २००८ देखि द ग्लासियर ट्रष्टसंगको साझेदारितामा जलवायु परिवर्तन तथा जलस्रोत ब्यवस्थापन सवालमा नवलपरासी जिल्लाका दुर्गम क्षेत्र जहाँ आफ्नो जिविकोपार्जनका लागि १००% समुदाय कृषीमा आश्रित हुन्छन उनीहरूका लागि परियोजना संचालन गरिरहेकोछ । किनकी जलवायुको प्रभाव मुलतः जलस्रोतमा पर्दछ र किसानहरू पानी विना खेतीपाती गर्न असमर्थ हुन्छन् । यस कुरालाई मनन् गर्दै साझेदारहरूले यो जलवायु परिवर्तन सिकाई तथा अनुकलनका लागि समुदाय क्षमता अभिबृद्धी परियोजना हुप्सेकोट गाउँपालिकाको वडा नं. २ धवाह तथा वडा नं. ५ का सटाकुन र दुर्लुङ्ग बसेनीमा विगत ३ बर्ष देखि संचालन गर्दै आईरहेकोछ । यो त्यस क्षेत्रमा संचालन भएको तेस्रो परियोजना हो किनकी त्यहाका समुदायहरू ज्यादै पछाडी परेका छन् उनीहरूमा जिविकोपार्जनका लागि ज्यादै न्युन अवसरहरू छन् र साथै उनीहरूको बुझाई पनि ज्यादै नै न्युन रहेकोछ । उनीहरूलाई बाँच्नका लागि चाहिने आधारभुत आवश्यकता पुर्ति गर्नका लागि पनि सहयोग आवश्यक रहेकोछ । यधपी यस भेगका सवै समुदायहरू कृषी पेशामा आश्रित छन् तर पनि उनीहरूलाई आधुनिक कृषी प्रणालीको बारेमा क्षमता अभिबृद्धी गर्नु जरूरी छ साथै उत्पादकत्व बृद्धी तथा बजारीकरणका लागि पनि सहयोगको आवश्यकता रहेकोछ । यस परियोजनाले ति बस्तीहरूका १०६ घरधुरीसंग प्रत्यक्षरूपमा सहकार्य गर्दछ भने ति लक्षित घरधुरीहरूलाई ४ वटा कृषक समुहमा आवद्ध गरेकोछ जसको जनसंख्या ७६७ जना छन् समा महिला ३८० जना र पुरुष ३८७ जना रहेकोछ ।

यस परियोजनाले औपचारिक तथा अनौपचारिक तरिकाबाट जलवायु परिवर्तन सम्बन्धि ज्ञान तथा सिपहरू समुदायलाई उपलब्ध गराउँदै ति ज्ञान तथा सिपहरूलाई वास्तविकरूपमा आफ्नो जिविकोपार्जन बृद्धीको लागि ब्यवहारिकरूपमा प्रयोग गर्न अभिप्रेरित गर्दछ । यसले स्थानीय पर्यावरण ज्ञानलाई अभिबृद्धी गरी आधुनिक दिगो कृषी प्रणाली तथा वातावरण संरक्षण र जलवायु परिवर्तन सम्बन्धि सचेतना अभिबृद्धी गर्न मद्दत गर्दछ । यस परियोजनाले जिविकोपार्जनका लागि विशेषत परम्परागत काम नलाग्ने परम्परागत अभ्यासहरू, र जलवायु परिवर्तन सम्बन्धि ज्ञानलाई प्रतिस्थापन गर्न शिक्षा तथा सिप विकास गरि प्राकृतिक स्रोतको उचित ब्यवस्थापन जस्तै जलस्रोतको भण्डारण तथा ब्यवस्थापन, आधुनिक कृषी प्रणालीको अभ्यास तथा उत्पादित वस्तुहरूको बजारीकरणमा जोड दिने गर्दछ ।



टमाटर खेती बसेनी

यस बर्ष यस परियोजना अन्तर्गत प्लान्ट क्लिनिक, अनुकुलन योजना, जलवायु अनुकुलित विउ वितरण, उपकरण सहयोग, कृषी जे.टि.ए. स्वयंमशेवक परिचालन, बजारीकरणका साथै स्थानीय तहका सरोकारवालाहरूसंगको समन्वय तथा अनुगमन, मुल्यांकन जस्ता क्रियाकलापहरू संचालन गरेकोछ । यस प्रतिवेदनमा सन् २०१८ अगष्ट देखि जुलाई २०१९ सम्म ति लक्षित क्षेत्रमा गरिएका क्रियाकलापहरूलाई समावेश गरिएकोछ ।



प्लाष्टिक पोखरी ढवाहा

## परियोजनाको मुख्य उद्देश्यहरू

- जलवायु परिवर्तन अनुकुलन, जलस्रोत ब्यवस्थापन, दिगो कृषी ब्यवस्थापन, मुहान संरक्षण सम्बन्धि स्थानीय समुदाय विशेषगरी महिलाहरूको क्षमता अभिबृद्धी भएको हुनेछ ।
- सहकारीद्धारा कृषी उत्पादन संकलन केन्द्रको स्थापना तथा स्थानीय ब्यापारी र किसान विच समन्वयात्मक बैठकबाट बजार प्रणाली स्थापन हुनेछ साथै बजारीकरणका लागि भएको अवलोकन भ्रमणबाट प्राप्त ज्ञान सिप तथा बजारीकरणका लागि सम्पुर्ण जिम्मेवारी बहन गर्ने बजार ब्यवस्थापन समितिको गठन भएबाट किसानहरूको बजारमा पहुँच पुगेको हुनेछ ।
- लक्षित समुदाय तथा छिमेकीहरूमा सिकाई प्रकृया र ग्रहण गरेको सिप संस्थागत भएको हुनेछ ।
- कृषी विकासका लागि मानवस्रोतको विकास तथा किसानहरूलाई सेवा पुर्याउन जे.टि.ए. स्वयंमसेवक परिचालित भएको हुनेछ ।

## यस बर्षका मुख्य क्रियाकलापहरू

| क्र.सं. | क्रियाकलापहरू | लक्ष्य | उपलध्धी | पुरूष | महिला | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | धरधुरी सर्वेक्षण | ० | १ | ५० | ५६ | १०६ | |
| २ | अनुकुलन योजना -विउ सहयोग) | २ | २ | ८५ | ९० | १७५ | |
| ३ | जे.टि.ए. स्वयंमशेवक परिचालन | १२ | १२ | ४ | ८ | १२ | |
| ४ | प्लान्ट क्लिनिक | ३६ | ३६ | ३८१ | ३४४ | ७२५ | |
| ५ | उपकरण सहयोग | २ | २ | ३० | २१ | ५१ | |
| ६ | बजार समन्वय बैठक | ३ | ३ | २९ | ६ | ३५ | |
| ७ | सिचाँई योजना अनुगमन | नियमित | नियमित | २३ | १५ | ३८ | |
| ८ | परियोजना अनुगमन तथा मुल्यांकन | ६ | ४ | १५ | १० | २५ | |
| ८.१ | अम्रिसो खेती अवलोकन | ० | १ | ० | ० | ० | |
| ८.२ | भलिवल टुर | ० | १ | ० | ० | ० | |
| ८.३ | कफी खेती अवलोकन | ० | १ | ३ | ० | ३ | |
| ९ | नयाँ कार्यक्षेत्र सर्वेक्षण | ० | १ | ८० | २७ | १०७ | |

## मुख्य उपलब्धीहरू




कृषी सामांग्री वितरण

- परियोजनाको प्रारम्भमा नै हुप्सेकोट गाउँपालिकाका धवाह, सटाकुन तथा दुर्लुङ्ग बसेनीका लक्षित समुहमा घरधुरी सर्वेक्षण गरिएकोछ । जसबाट परियोजनाका लागि योजना तर्जुमा, कार्यान्वयन र अनुगमन मुल्यांकन गर्न सहज भएकोछ । यसबाट लक्षित क्षेत्रमा भएका जनसंख्या, उत्पादन, उत्पादकत्व, अपनाएका कृषी प्रणाली, जलवायु परिवर्तनका प्रभाव, अपनाएका जिविकोपार्जन रणनीतिको बारेमा जानकारी प्राप्त भएको थियो ।
    - सर्वेक्षणबाट प्राप्त जानकारीहरू
        - १०६ घरधुरीमा जम्मा ७६७ जनसंख्या रहेका छन् जसमध्ये ३८७ जना पुरूष र ३८० जना महिला छन् ।
        - यस क्षेत्रमा ७.२ हेक्टर जमिन तरकारी खेतीले ओगटेको छ भने ४७.३ हेक्टर जमिनमा अन्नवाली लगाउने गरेका छन् त्यसैगरी १७.३ हेक्टर जमिन अम्रिसो खेतीले ढाकेकोछ ।
        - यस क्षेत्रमा अझै पनि उल्लेख्य मात्रामा खाली जमिनहरू छन जहाँ खेतीपाती गर्न सकिन्छ ।
        - ति १०६ घरधुरी मध्ये ३५ घरधुरीहरूलाई आफ्नो उत्पादनले ४ देखि ६ महिना, ४२ घरधुरीलाई  ७ देखि ९ महिना र बाँकी २९ घरधुरीलाई १० देखि १२ महिना वा बर्ष दिन भन्दा बढी खान पुग्दछ ।
- ६.६ के.जी. काउली, बन्दा, मुला, गोलभेडा तथा हरियो सागको तरकारीको विउ ईच्छुक लक्षित किसानहरूलाई तालिम सहित वितरण गरिएको थियो । साथै कृषी स्वयंमसेवक तथा प्राविधिकले वेलावेलामा किसानहरूको बारीम गई सहयोग गरेका थिए ।
- परियोजनाले विउ सहयोग गरपछी राम्रो उत्पादन भएको देखेर किसानले आलुको विउ सहित २४९८ के.जी. विउ आफैले खरिद गरि लगाएका थिए ।



स्वयंमसेवकहरूद्धारा फार्ममा काम गर्दै

- अघिल्लो बर्ष १५.५१ हेक्टरमा तरकारी खेती गरेका थिए भने यस बर्ष किसानहरूको आत्मवल बढेको कारण २१.७७ हेक्टर जमिनमा तरकारी खेती गरेका थिए । जसबाट किसानहरूको तरकारी खेतीमा आत्मविश्वास बढेको देखिन्छ ।
- यस बर्ष १ घरधुरीले औषतमा बर्ष दिनमा ४९५.३ के.जी. ताजा अर्गानिक तरकारी खाएको देखिन्छ । जसले गर्दा विशेषगरी महिला तथा बालबालिकाको पोषण बृद्धी भएकोछ ।



तरकारी बजारमा ढुवानी गरिदैं बसेनी

- अर्गानिक तरकारी उत्पादन भएबाछ वरिपरीका समुदायले पनि ताजा जैविक तरकारी खान पाएका छन् जसले गर्दा उनीहरूको स्वास्थ्य पनि राम्रो भएकोछ ।
- सवै किसानहरूले तरकारी खेतीका लागि आ आफ्नै नर्सरी तयार गरेका छन् ।
- यस बर्ष किसानहरूले खाएर उब्रेको जम्मा १०३३३ के.जी. तरकारी बिक्रि गरेर रू ५१८१२८ कमाउन सफल भएका छन् । यसले यस बर्ष किसानहरूले आय बृद्धी गरी आफ्नो जिविकोपार्जन सुधार गरेको देखिन्छ ।
- आफ्नै बारीमा तरकारी उत्पादन भएबाट उनीहरूको खर्च घटेको देखिएकोछ । साथै उत्पादन बृद्धी भएबाट खाद्य सुरक्षामा अनुकुल प्रगति भएकोछ ।
- तरकारी राख्ने क्रेटको कारणले तरकारी ढुवानी गर्दा कुनै पनि नोक्सानी भएको छैन् ।
- यस बर्ष ८ जना महिला र ४ जना पुरूष गरी १२ जना कृषी जे.टि.ए. स्वयंमसेवकहरू परिचालन भएका थिए । जसले गर्दा स्थानीय किसानहरूले आफ्नो बारीमा नै कृषी प्राविधिक सहयोग प्राप्त गरे भने भविश्यमा कृषी क्षेत्रमा कार्य गर्ने सक्षम मानवस्रोतको विकास भएको छ ।
- यस बर्ष ३ वटै क्षेत्रमा १२ वटाको दरले ३६ वटा प्लान्ट क्लिनिक संचालन भएकोछ । जसबाट किसानहरूले तरकारी लगायत कृषी बालीमा लाग्ने रोगको बारेमा थाहा पाएका छन् भने त्यसको सामाधानका उपायहरूको जानकारी प्राप्त गरेका छन् । जसले गर्दा उनीहरूले समयमा नै उपचार गरी नोक्सानी हुनबाट जागेका छन् ।
- किसानहरूले जैविक मल तथा विषादी बनाउने तरिका पनि प्रयोगात्मक तरिकाबाट सिकेका छन् जसले गर्दा अर्गानिक उत्पादन गर्न सजिलो भएकोछ साथै विषादी तथा रासायनिक मलका लागि गर्नु पर्ने खर्च पनि घटेकोछ । साथै कम्पोष्ट तथा जैविक मलको प्रयोग बृद्धी भएकोछ ।
- यस बर्ष किसानहरूले माटोको परिक्षण गरिएको छ जसले गर्दा माटोको उपचार गरि उत्पादन बृद्धी भएकोछ साथै मौषमी बेमौषमी तरकारी खेती, क्ष्एः विधि, किराको नियन्त्रण साथै रासायनिक विषादीले मानव जीवनमा पर्ने असरको बारेमा जानकारी प्राप्त गरेका छन् ।
- १०६ जना किसान मध्ये २५ जना ब्यवसायिक किसानमा रूपान्तरण भएकोछ साथै उनिहरू अगुवा कृषककोरूपमा आफ्नो पहिचान बनाउन सफल भएका छन् ।



स्वयंमसेवकहरूलाई प्रमाणपत्र वितरण

- प्लान्ट क्लिनिकमा किसानहरू सहभागि भएबाट उनिहरू कृषी बालीमा लाग्ने रोग, किरा तथा त्यसको समाधानका उपायहरूको बारेमा जानकार भएबाट कृषी ब्यवसायमा उनिहरूको ज्ञान तथा सिप विकास भई आत्मबल बढेकोछ ।
- किसानको रू ५ हजार र परियोजनाको रू २५ सय गरी साझेदारितामा १० वटा खोरगोठ

सुधारका साथै पिसाव संकलन टंकी पनि निर्माण भएकोछ । यसबाट जैविक मल तथा विषादी तयार गर्न सकिएको छ साथै खोरगोठको सफाईमा पनि सहयोग पुगेकोछ ।



दोस्रो पानी संकलन टंकी अनुगमन

- यस बर्ष हामीले ८ वटा प्लाष्टिक टनेल, १२ थान स्प्रे टेङ्क, ४१ वटा हजारी, १२ वटा स्प्रीङ्कल, २ वटा प्लाष्टिक पोखरी, ८०० मि. मल्चीङ्ग प्लाष्टिक र १० बोरा सिमेन्ट उपलब्ध गराएका छौं जसबाट किसानले फाईदा लिई आफ्नो उत्पादन बृद्धी गरेका छन् ।
- हाल सम्म परियोजनाले उपलब्ध गराएको २५ वटा टनेलको राम्रो प्रयोग भई उत्पादन गरिरहेका छन् ।
- यस बर्ष कृषी जन्य उत्पादनहरूको बाजारीकरणका लागि हुप्सेकोट गाउँपालिकाका कृषी शाखा, स्थानीय ब्यापारीहरू, स्थानीय सहकारी तथा किसानहरूको सहभागितामा एक अन्तरकृया गोष्ठी संचालन गरिएकोछ । यस गोष्ठीबाट स्थानीय लेकवेशी सहकारीले कृषी उत्पादनको बजारीकरणका लागि प्रतिबद्धता ब्यक्त गरेका छन् भने ब्यापारीहरूले पनि यस क्षेत्रके कृषी उत्पादनहरू खरिद गर्ने बचनबद्धता ब्यक्त गरेका छन् ।
- त्यसैगरी यस बर्ष हुप्सेकोट गाउँपालिकाका कृषी शाखाका कर्मचारी, किसान, सहकारीका पदाधिकारी, परियोजनाका कर्मचारी लागायत हेफर इन्टरनेशनलको साझेदारितामा संचालित परियोजनाका कर्मचारीहरू सम्मीलित एक टोली नेपालको पश्चिमी क्षेत्र मदनपोखरा, सितगंगा नगरपालिका अर्धखाँची, कपिलबस्तुका सहकारी जसले कृषी बजारीकरण गरिरहेका छन् त्यहा अवलोकन भ्रमण पनि गरेको थियो जसबाट बजारीकरण सम्बन्धि ज्ञान सिप बृद्धी भई आगामी दिनमा यस क्षेत्रमा पनि बजारीकरण गर्नको लागि टेवा मिल्ने देखिएकोछ ।
- त्यसैगरी यस बजारीकरण सम्बन्धि क्रियाकलापहरूबाट सहकारी, स्थानीय सरकार तथा ब्यापारीहरू विच सम्बन्धको विकास भएकोछ ।
- यस बर्ष ईसाई समाज, हुप्सेकोट गाउँपालिका तथा हिकोडेफको साझेदारीतामा दोस्रो टंकी निर्माण तथा सिंचाई आयोजना पनि शुरू भएको छ ।
- यस परियोजनाको अधिल्लो बर्षमा निर्माण भएको खानेपानी तथा सिंचाई आयोजनाबाट २९ घरधुरीले नियमित सफा खानेपानीको प्रयोग गरिरहेका छन भने यस बर्ष दोस्रो टंकीको निर्माण पनि भएकोछ जसबाट १६.२५ हेक्टर थप जमिन सिंचित हुनेछ ।
- ३८ परिवारले यस बर्ष वितरण गर्ने पाईप पाएका छन् जसबाट ४.६ हेक्टर जमिनमा सिंचाई पुग्नेछ। स्प्रिङ्कलको ब्यापक प्रयोग भएबाट थोरै पानीले पनि धेरै जमिनमा सिंचाई सम्भव भएकोछ ।



अम्रिसो ढवानी गरिदै




कफी तालिममा सहभागि देउसा सोलुखुम्बु

- यस बर्ष द ग्लासियर ट्रष्टका सहयोगीहरू यस क्षेत्रमा अवलोकन भ्रमणमा आएका थिए । उनीहरूले पनि खानेपानी योजना लागायत समुदायमा भएका गतिविधिहरूको अवलोकन गरेका छन् भने यसको प्रगति उपलब्धी देखेर खुसी भएका छन् ।
- यस बर्ष बेलायतबाट आएका द ग्लासियर ट्रष्टका सहयोगीहरूले कार्यक्षेत्रमा भएका विद्यालयहरूका बालबालिकाहरूलाई भलिवल सिकाउनुका साथै स्थानीय भलिबल क्लबहरूसंग मैत्रीपूर्ण भलिबल प्रतियोगिता खेलेका थिए । ४ वटा स्थानमा भएको यो रमाईलो क्रियाकलापले स्थानीयहरू तथा विदेशी पाउनाहरूलाई ज्यादै खुसी तुल्याएका थिए । यस अवसरमा क्षेत्रगत भ्रमण यहाँका समस्याहरू तथा सस्कृतीको बारेमा उनीहरू जानकार भएबाट यस क्षेत्रका लागि सहयोग जुट्ने आशा पलाएकोछ ।
- यस बर्ष पनि द ग्लासियर ट्रष्टका निर्देशक डा. मोर्गान फिलिपले नियमितरूपमा यस क्षेत्रको अनुगमन गरेका छन् । यस भ्रमणमा यस क्षेत्रका किसानहरूसंगको छलफल गरि अहिले सम्मको उपलब्धीहरूको बारेमा जानकारी प्राप्त गरेका छन् भने सहकारीको भ्रमण गरि बजारीकरण सम्बन्धि योजनाको बारेमा छलफल भएको छ । यस भ्रमणबाट वहाँले परियोजनाको उपलब्धीहरूको बारेमा जानकारी लिएका छन् भने हाल सम्म भएको उपलब्धीबाट आफु सन्तुष्ट भएको बताएका छन् ।
- त्यसै गरी यस अवसरमा आगामी दिनका लागि नयाँ परियोजनाको बारेमा पनि छलफल भएको छ । अब आगामी बर्षका लागि पानीको कम आवश्यकता पर्ने उच्च मुल्य भएको उत्पादनहरू जस्तै कटुस, एभोकाडो, कफी आदीको लागि योजना निर्माण गर्ने निर्णय भएकोछ ।
- २ बर्ष अगाडी देखि सहयोग गरेको अम्रिसो खेती हाल ३० हेक्टर भिरालो जमिनमा फैलिएकोछ । यसले भुक्षयलाई राकेको छ भने यस बर्ष मात्र ३ वटा क्षेत्र गरी ८४३८ के.जी. अम्रिसो विक्रि भएकोद्ध जसबाट रू ३२१५१० आम्दानी गर्न समुदाय सफल भएकोछ । विरूवाको संरक्षण सम्बर्धन गर्ने जिम्मेवारी समुदायले लिएकोछ जसले गर्दा यसको उत्पादन बृद्धी समेत भएकोछ ।
- द ग्लासियर ट्रष्टको अर्को साझेदार संस्था ईको हिमालको कार्यक्षेत्र सोलुखुम्बु जिल्लाको देउसा गाउँ जहाँ कफी परियोजना संचालन भईरहेकोछ त्यहाँ हिकोडेफबाट २ जना तथा समुदायबाट २ जना किसान गरी ४ जनाले अवलोकन भ्रमण गरेका थिए । त्यही बेला त्यहाँका किसानहरूको लागि ३ दिने कफी तालिम संचालन भएको थियो त्यसमा पनि सहभागि भएका थिए । यस भ्रमणबाट यस क्षेत्रमा कफीको विकास गर्ने प्रवल सम्भावना रहेको जानकारी प्राप्त भएको छ साथै तालिमबाट सिप विकास भई ति किसानहरूको अगुवाईमा अर्को बर्ष देखि कफी परियोजना संचालन गर्ने योजना बनेकोछ ।
- कफी कार्यक्रमको लागि ८०० मि. उचाई भन्दा बढीको क्षेत्र आवश्यक हुने भएको हुँदा



स्थानीय सहकारीसंग बजारीकरण बारे छलफल

आगामी बर्षको लागि ७ वटा क्षेत्रको छनौट भई त्यस क्षेत्रको प्राथमिक सूचनाहरू संकलन गरिएकोछ । त्यस क्षेत्रहरूमा दुर्लङ्गा तथा माथिल्लो बसेनी, रिपाहा, पोखरी, चारघरे, धौवादी र लाहापे रहेका छन् । यस भ्रमणमा १०७ जना स्थानीय किसानहरूसंग छलफल गरी परियोजनाको उद्देश्य, आशातित उपलब्धी, रणनीति तथा समुदायको भुमिकाको बारेमा छलफल भएको थियो । यस क्षेत्रको कफी सम्बन्धि आधारभुत सूचना निम्न बमोजिम रहेकोछ ।

| क्र.सं. | कार्यक्षेत्र | हालको कफी नर्सरी तथा उमेर | १-३ बर्षको कफीको विरूवा | ४-६ बर्ष उमेरको कफीको बोट | ८ बर्ष भन्दा माथिको कफीको बोट | जम्मा कफीको विरूवा तथा बोट | जम्मा उत्पादन (के.जी.) |
|---|---|---|---|---|---|---|---|
| १ | माथिल्लो बसेनी | ५७०(२ महिना) | १०७ | २३ | ७३ | २०२ | २८४ |
| २ | दुर्लुङ्गा | १५०(१ महिना) | | २ | ३ | ५ | १६ |
| ३ | रिपाहा | २००(४ महिना) | १५३ | | ११ | १६४ | ३३ |
| ४ | चारघरे | | ६५ | ३ | ८ | ७७ | ३६ |
| ५ | पोखरी | | २० | | ५ | २५ | १८ |
| ६ | लाहापे | ४००(६ महिना) | ४४७ | २० | १५६ | ६२३ | ५२८ |
| ७ | धौवादी | ३०००(३ हप्ता) | २५० | १२ | ५६ | ३१८ | २०४ |
| जम्मा | | ४३२० (६ महिना मुनी) | १०४१ | ६० फल दिन शुरू | ३१३ विउ लिन सकिने माउ विरूवा | १४१४ जम्मा बोट | १११८ केजी जम्मा कफी उत्पादन |

## चुनौतीहरू

- अझै पनि यस भेगमा पानीको अभावको कारण उत्पादन बृद्धी हुन सकेको छैन।
- प्राकृतिक प्रकोटसंग जुध्न सक्ने क्षमता अझै समुदायमा छैन् जसको कारणले यसपालि पनि पानी समयमा नआउँदा बाली नोक्सानी भयो भने केही किराको प्रकोपले पनि निक्सानी बढाएकोछ ।
- १८ जटा टनेलहरू हावाले उडायो जसले गर्दा उत्पादनमा ह्रास आएको छ ।
- बजार टाढा भउको कारण तथा यातायातको सुविद्या नभउको हुँदा किसानहरूमा ब्यवसायिकता विकास हुन सकेको छैन् ।
- त्यसैगरी बजारको मुल्य अस्थिरता र उतार चढावले किसान हतोत्साही भएकोछ ।
- कृषी उपज संकलन केन्द्रको अभावको कारणले पनि तरकारीको उत्पादन बृद्धी हुन सकेको छैन् ।
- परियोजनाको क्षेत्रमा बाहेक अझै पनि अन्य किसानहरूले यसलाई ब्यापक अनुसरन गर्न सकेको छैन् ।



अवलोकन भ्रमण मदनपोखरा



TGT को भलिवल टुर

- अन्य साझेदार संस्थाहरूले समयमा कार्य नगर्दा दोस्रो टंकी निर्माण तथा पानी वितरणमा ढिलाई भएकोछ ।

भावि योजना

- किसानहरूलाई व्यवसायिक खेती गर्न नियमितरूपमा सहयोग तथा उत्प्रेरणा जगाउने ।
- स्थानीय सरकार, व्यापारी तथा सहकारी विच समन्वय बृद्धी गरी बजारीकरण प्रणालीको विकास गर्ने ।
- दोस्रो टंकी निर्माण तथा पानी वितरणलाई ब्यवस्थित बनाउन सहयोग गर्ने र समुदायलाई अभिप्रेरित गर्ने ।
- निर्माण योजनाको दिगोपनाको लागि स्थापना भएका समितिहरूको सकृयता बृद्धी गर्न सहयोग गर्ने ।

## ५. हिकोडेफका मित्रहरू एक अवधारणा

### पृष्ठभुमी एवं औचित्य



छात्रबृत्ति प्राप्त विद्यार्थीहरु २०७६

हाम्रो देश नेपाल विकासका लागि तिब्र गतिमा अगाडी बढिरहेको ठूला दुई राष्ट्र भारत तथा चीनको विचमा पिल्सिएको देश हो । हाम्रो देशअसिमित अवसरहरू भएता पनि साधन तथा स्रोत, प्राविधिक दक्षता तथा पुरातनबादी सोच एवं विभिन्न भौगोलिक, जातिय, साँस्कृतिक, धार्मिक, राजनैतिक तथा वर्गिय मुल्यमान्यतामा विविधता तथा कठिन समिकरणमा आफ्नै मौलिकतामा सुस्तरी अगाडी बढीरहेको छ । यहाँ असिमित आवश्यकताहरू छन् जसलाई राज्य तथा सामाजिक संघ संस्थाहरूको प्रयासले मात्र सम्बोधन गर्न अहिले सम्भव छैन् । राष्ट्रिय जनगणना २०६८ अनुसार २५.६ प्रतिशत जनता निरपेक्ष गरिबीको रेखामुनी रहेको हाम्रो देशमा आफ्ना आधारभुत आवश्यकता गाँस, बास र कपास पनि पुरा गर्न नसक्ने अवस्थामा रहेका छन् । उनिहरूका लागि शिक्षा, स्वास्थ्य, बाटाघाटा, संचार आदी जस्ता जीवनका लागि नभई नहुने क्षेत्रमा पहुँच पुग्नु भनेको डाँडापारीको घाम भएको छ । यस मध्ये पनि राज्यले सम्बोधन गर्न नसकेका क्षेत्र तथा राज्य र सामाजबाट अछुतो बनेका लक्षित वर्गहरू गरिब, दलित, विपन्न तथा सिमान्तकृत समुदायहरू त्यसमा पनि महिला, बालबालिका, अपाङ्ग तथा धार्मिक अल्पसंख्यकहरू अति मारमा परिरहेका छन् । यि सवाल तथा समस्याहरूलाई मध्ये नजर गरी हिमालयन सामुदायिक विकास मञ्चले आफ्ना शुभचिन्तक, कर्मचारी तथा अन्य संघ संस्था तथा आम जनसमुदाय जो आफु बाँचेर देशका गरिबहरूको लागि केही गर्न सक्ने सामर्थ्य राख्दछ उनिहरूलाई देश तथा जनता प्रतिको दायित्वबोध गराउने तथा विकासमा सहकार्य वा सहभागिता जनाउन एउटा अवसरकोरूपमा यो हिकोडेफका मित्रहरू कार्यक्रम २०६८ साल देखि संचालनमा



बक्तृत्वकला प्रतियोगितामा प्रस्तुतति दिँदै

ल्याएको छ । यस कार्यक्रमबाट हिकोडेफका मित्रहरूको एउटा संजाल निर्माण गरी छरिएर रहेका मित्रहरूलाई एकताबद्ध गराउने र हिकोडेफलाई आर्थिक तथा नैतिक समर्थन र स्रोत जुटाउने प्रयास गरिनेछ । जसले गर्दा हिकोडेफको पहिचान विश्वब्यापीरूपमा बृद्धी हुने विश्वास लिइएको छ । हाल गैरसरकारी संस्थाहरूलाई दातामुखि भई दाताको अनुदानमा आश्रित संस्थाकोरूपमा हेरीरहेको परिपेक्षमा यसबाट संस्थाले आन्तरिकरूपमा आर्थिक स्रोत संकलन गरी समुदायको माग तथा आवश्यकता बमोजिम कार्यक्रमहरू संचालन गर्न सकिने छ । हिकोडेफका मित्रहरूलाई आर्थिक सहयोगीकोरूपमा मात्र नहेरी नैतिक तथा बौद्धिक सहयोगीकोरूपमा पनि हेरिएकोछ । जसले गर्दा कार्यक्रम तर्जुमा देखि कार्यान्वयन हुँदै अनुगमन मुल्यांकन सम्म मित्रहरूको भुमिकाको निर्क्यौल गरि सहभागि गराइने छ ।

## हिकोडेफका मित्रहरूबाट पहिलो प्रयास "छात्रा छात्रबृत्ति कार्यक्रम"

### पृष्ठभुमि तथा औचित्य

आर्थिक, सामाजिक, भौगोलिक कारणले धेरै बालबालिकाहरूले औपचारिक शिक्षा हासिल गर्न पाउदैनन् । युनिसेफको तथ्यांक अनुसार नेपालमा झण्डै ७ लाख बालबालिकाहरू विद्यालय बाहिर छन् । विशेषगरी छात्राहरुमा सामाजिक, सांस्कृतिक रितिरिवाजहरू तथा अभिभावकले शिक्षाको महत्व कम बुझ्नु र गरिबीको कारणले विद्यालय भर्ना नहुने र भर्ना भएता पनि विद्यालय छाड्ने दर बढी छ । विशेषगरी प्राथमिक विद्यालयहरू गाउँ केन्द्रित भएको कारण तथा निम्न माध्यमिक तथा माध्यमिक तहमा गएपछी बाहिर पढ्न जानु पर्ने र त्यसको लागि आर्थिक तथा सामाजिक कारणले बालिकाहरू विद्यालय छाड्न बाध्य हुन्छन् । सरकारी तथा दातृ निकायहरूबाट मात्र यो चुनौतिको हल हुन सक्ने देखिएको छैन । तसर्थ हिकोडेफका मित्रहरूबाट सहयोग प्राप्त गरी वि.स. २०६८ बाट शिवमन्दिर गाविसका १० सरकारी विद्यालयमा अध्ययनरत अति गरिब घरपरिवारका १० जना बालिकाहरूलाई छात्रबृत्ति वितरणको शुरूवात भएको थियो । जसलाई वि.सं. २०६८ मा १० थप गरी २० जना छात्रालाई निरन्तर छात्रबृत्ती प्रदान गरिएको छ । अघिल्लो बर्ष २१ जनाले छात्रबृत्ति पाएकोमा यस बर्ष २०७६ मा हामीले २० जना बालिकाहरूलाई छात्रबृत्ति दियौ र अघिल्लो बर्षका विद्यार्थीहरू मध्ये ५ जनाले SEE दिएको हुँदा यस पालि ४ जना छात्रा थप गरिएकोछ ।

### उद्देश्य

- औपचारिक शिक्षाबाट बञ्चित तथा गरिबीको कारणबाट विद्यालय छोड्ने सम्भावना भएका बालिकाहरूलाई छात्रबृत्तिको माध्यमबाट शिक्षाको मुलधारमा ल्याउने ।

### कार्यान्वयन प्रकृया

- स्थानिय स्तरका सवै सरोकारवालाहरू विद्यालय, स्थानिय बुद्धीजीवि, समाजसेवी, संघ संस्था, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधीहरूलाई हिकोडेफका मित्रहरूको अवधारणा बारे अवगत गराइयो ।
- सरकारी विद्यालय, स्रोत केन्द्रहरू तथा जि शिक्षा विकास तथा समन्वय ईकाइसंग समन्वय गरि कार्यक्रमा आ आफ्नो भुमिका सुनिश्चित गरियो ।



छात्रबृति व्यवस्थापन समितिका संयोजकको संवोधन

- पूर्व स्रोत ब्यक्ति तथा शिक्षाविद्को संयोजकत्वमा विद्यालयका प्रधानाध्यापक, वि.ब्य.स. सदस्य तथा हिकोडेफका समिति सदस्य सम्मिलित छात्राबृत्ति ब्यवस्थापन समितिबाट बालबालिकाको छनौट तथा यस परियोजनाको ब्यवस्थापन भईरहेकोछ ।
- छनौट समितिले विद्यार्थी छनौटको लागि निम्न लिखित निर्णय गर्यो
    - विद्यालय जानबाट बन्चित तथा विद्यालय जान छाडेका विद्यार्थीहरूलाई पहिलो प्राथमिकता
    - गरिब, दलित, विपन्नलाई प्राथमिकता
    - शिवमन्दिर गाविस भरीका सरकारी विद्यालय केन्द्रित गर्ने
    - २० जना छात्रालाई छात्रबृत्ति प्रदान गरी निरन्तरता दिने
- ४० औं राष्ट्रिय बाल दिवशको अवसरमा श्री जीवन ज्योति माध्यामिक विद्यालयमा छात्राबृत्ति वितरण गर्ने ।
- छात्रबृत्ति प्राप्त विद्यार्थीहरूको पठनपाठनलाई नियमित अनुगमन गर्न अर्धबार्षिक परिक्षा पछी उनिहरूको शिकाईको समिक्षा गर्ने ।

**उपलब्धीहरू**

- यस बर्ष २० जना बालबालिकाहरू मध्ये ५ जनाले SEE दिएकोमा ५ जनाले SEE उत्तिर्ण गरेका छन । हाल सम्म ३३ जनाले SEE दिएको मा २८ जना उतिर्ण भएका छन् ।
- यस बर्ष २०७६ मा आधारभुत तहका ११ तथा माध्यामिक तहका ९ जना गरी २० जना बालिकाहरू जसमा दलित ३, जनजाती १० र बाहुन क्षेत्री ७ जनाले छात्रबृत्ति प्राप्त गरेका छन् । हाल सम्म ५९ जनाले छात्रबृत्ति प्राप्त गरिसकेका छन् ।



छात्रबृत्ति वितरण २०७६

- छात्रबृत्ति कार्यक्रममा लागि आधारभुत नीति नियमको तर्जुमा भएको छ ।
- कवाासोती नगरपालिका ३ मा अवस्थित श्री जीवन ज्योति उच्च मा.वि. को सहकार्यमा ४० औं बाल दिवशको दिन पारेर जिल्ला शिक्षा विकास तथा समन्वय ईकाईका प्रमुख, नेपाल बाल संगठनका अध्यक्ष, विद्यार्थी, शिक्षक, अभिभावक, लगायत सरोकारवालाहरूको सकृय सहभागितामा कार्यक्रम संचालन गरि छात्रबृत्ती वितरण गरियो ।

हाजिरीजवाफ प्रतियोगितामा प्रथम, दोश्रो तथा तृतिय स्थान प्राप्त गर्ने विद्यार्थीहरूको नाम र विद्यालयहरू

| क्र.सं. | नाम र विद्यालय | ठेगाना | नतिजा |
|---|---|---|---|
| १ | खुसी राना सरस्वति माध्यमिक विद्यालय | कावासोती ५ | प्रथम |
| २ | रोशन नोर खातुन सहिद स्मृति मा.वि. | कावासोती ३ | दोश्रो |
| ३ | समिक्षा भुसाल जीवन ज्योतीजन मा.वि. | कावासोती ३ | तृतिय |

- यस बर्ष अन्तर विद्यलाय स्तरिय वक्तृत्वकला प्रतियोगिता पनि संचालन गरिएको थियो । जसमा ५ वटा विद्यालयका विद्यार्थीहरूको सहभागिता रहेको थियो । जसले बालबालिकाहरूमा भएको सृजनशिलतालाई उजागर गर्ने मौका प्रदान गर्नेछ । साथै सो प्रतियोगितामा प्रथम, द्धित्तिय, तृतिय र २ जना विद्यार्थीहरूलाई डिक्सनेरी, कापीकलम सहितको पाठ्य सामांग्रीहरू पुरस्कार स्वरूप वितरण गरियो ।
- हिकोडेफले आफ्नो आन्तरिक स्रोतबाट छुट्टै कार्यक्रम गरेको हुँदा यसले संस्थाको छविलाई अझ विस्तार गरेको छ ।
- छनौट समितिको सकृयताले साँच्चिकै गरिब तथा विद्यालय छाड्न सक्ने बालिकाहरू छनौट भएका छन् ।
- बेलाबेलामा छात्रबृत्ति प्राप्त विद्यार्थीहरूसंगको अन्तरकृयाले उनिहरूमा पढ्नु पर्छ नत्र यो अवसर नपाउन सक्न भन्ने सोच आएकाले उनिहरूको शिक्षण सिकाईमा प्रगति भएको छ ।




बाल दिवश २०७६ को आवसरमा आयोजित बत्तृत्वकला प्रतियोगिताका विजय विद्यार्थीलाई पुरस्कार वितरण

## चुनौतिहरू

- आगामि दिनहरूमा कार्यक्रमलाई निरन्तरता दिनु पर्ने भएकोले स्रोतको निरन्तरता एक चुनौती भएको छ ।
- हाल देश संघियतामा गएको हुँदा स्थानीय निकायको क्षेत्र विस्तार भएकोले कम्तिमा कावासोती नगरपालिका भरीका विद्यालयबाट छात्रबृत्ति उपलब्ध गराउनु पर्ने माग आएको छ जसलाई सम्बोधन गर्न गाह्रो छ ।




२०७६ का छात्रबृत्ति प्राप्त विद्याथीहरुसंग अन्तरकृया कार्यक्रम

## कसरी हिकोडेफका मित्र बन्ने ?

नेपालमा वा विदेशमा बसोबास गर्ने नेपाली वा नेपाल र नेपालीलाई मायाँ गर्ने जो कोही पनि हिकोडेफका मित्रहरू बन्न सक्दछन् । त्यसको लागि मित्रहरूले निम्न प्रकृया पुरा गर्नु पर्नेछ ।


- हिकोडेफ संस्था वा संस्थाको वेभसाइट www.hicodef.org,np बाट डाउनलोड गरी हिकोडेफका मित्रहरूको फारम भर्न सकिन्छ ।

- भरेको फारमलाई संस्थाको ठेगाना वा फारम स्क्यान गरी संस्थाको इमेल hicodef@ntc.net.np मा पठाउने जसलाई हिकोडेफका सम्बन्धित कर्मचारीले डाटावेश गरी तपाईसंग इमेलमा पत्राचार गर्ने छ ।
- यसको सदस्य बन्नको लागि बार्षिकरूपमा कम्तिमा रू १०००/- वा US$ 15/- बुझाउनु पर्नेछ जसको लागि हिकोडेफका कर्मचारी, सदस्यहरूले तपाईसंग सम्पर्क गर्नेछ वा तपाईले सोझै हिकोडेफको बाणिज्य बैंक कावासोती नवलपरासीको चल्ती खाता ५८६ मा बैंक दाखिला गर्न सक्नु हुनेछ । जसको रसिद संस्थाले तपाईको ठेगानामा पठाउने छ ।
- हामीलाई नगद बाहेक जिन्सी पनि सहयोग गर्न सक्नु हुनेछ जस्तै : कम्प्युटर, स्टेशनरी, शैक्षिक सामांग्री, फर्निचर आदी । जसलाई हामी कार्यक्रम बनाई आवश्यकता भएका लक्षित वर्गहरू समक्ष पुऱ्याउने छौं ।

## हिकोडेफका मित्रले के पाउँछन

तपाईले आफ्नो लगानीको निम्न प्रतिफलहरू पाउनु हुनेछ ।

- तपाईले दिएको सहयोगबाट कसले कसरी फाइदा पायो भन्ने बारेमा वेभसाइट वा इमेल मार्फत तपाईलाई अद्यावधिक गराइनेछ ।
- तपाईले फोटो सहितको सानो प्रतिवेदन प्राप्त गर्नुहुनेछ जसबाट तपाईको लागानीको उपयोगीताको बारेमा थाहा पाउनु हुनेछ ।
- तपाई आफ्नो खर्चमा कार्यक्रममा सहभागि हुन पाउनु हुनेछ जसको सम्पुर्ण ब्यवस्था हिकोडेफले मिलाउने छ ।



हिकोडेफका मित्र बन्ने फारम

- हिकोडेफका मित्रहरूको क्षमता अनुसार कार्यक्रममा स्रोत व्यक्ति तथा परामर्षदाताकोहरूमा सामावेश गर्न प्रयास गरिने छ ।
- हिकोडेफले सृजना गरेको अवसर तथा हिकोडेफलाई प्राप्त अवसरहरूमा मित्रहरूलाई पनि समावेश गर्ने प्रयास गरिने छ ।
- तपाईले आफ्नो सहयोगको रसिद पाउनु हुनेछ । तथा हिकोडेफका मित्र अंकित आकर्षक टि-सर्ट पनि पाउनु हुनेछ ।
- तपाईको नाम (यदी तपाईले चाहेमा) हाम्रो वेभ साइटमा प्रकाशन गरिनेछ साथै यस कार्यक्रमका लागि प्राप्त एकमुष्ठ सहयोगलाई पनि प्रकाशन गरिनेछ ।

**मित्रहरूको लागि हिकोडेफको भुमिका**

हिकोडेफले यस कार्यक्रममा निम्न लिखित क्रियाकलापहरू गर्नेछ ।

- हिकोडेफको मित्र भएको नम्बर सहितको प्रमाण पत्र उपलब्ध गराउनुको साथै परिचय पत्रको व्यवस्था गर्ने
- यस कोषबाट संचालित कार्यक्रमको संक्षिप्त प्रतिवेदन वेभ साइट तथा ईमेल मार्फत मित्रहरूलाई उपलब्ध गराउने
- संचालित कार्यक्रममा सहभागि हुन चाहना राख्ने मित्रहरूको लागि आवश्यक व्यवस्था मिलाउने
- यस कार्यक्रमबाट प्राप्त भएको कोष तथा यदी मित्रहरूले चाहेमा वहाँहरूको नामावली पनि वेभ साइटमा प्रकाशन गर्ने
- समय समयमा मित्रहरूको जमघट गराउने (बजेट पर्याप्त भएपछी)
- मित्रहरूको विशेषज्ञता अनुसार कार्यक्रममा सहभागि गराउन प्रयास गर्ने

अन्तमा सम्पुर्ण शुभचिन्तक, हिकोडेफका मित्रहरू तथा नेपाली जनसमुदायलाई यस नेक कार्यमा सहयोग एवंम् सदभाव राखि निरन्तर सहयोग गरिदिन हुनका लागि हार्दिक अनुरोध गर्दछौं ।

## ६. आर्थिक विवरण

प्रत्येक बर्ष हिकोडेफले आफ्ना आर्थिक कारोबारहरूको स्वतन्त्र लेखा परिक्षकबाट लेखा परिक्षण गर्ने गर्दछ । त्यसै गरी प्रत्येक कार्यक्रमहरूको छुट्टै पनि सहयोगी संस्थाहरूबाट पनि लेखा परिक्षण हुने गर्दछ । यस बर्ष एन ए आर एस एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्टलाई आर्थिक बर्ष २०७५/०७६ को लेखा परिक्षक नियुक्त गरि लेखा परिक्षण गरियो । जुन यस प्रकार छन् ।

**HIMALAYAN COMMUNITY DEVELOPMENT FORUM (HICODEF)**
**Kawasoti-2, Nawalparasi**

**INCOME STATEMENT**
For the period ended on Ashad 31, 2076 (Corresponding to 16 July 2019)

*Amount in NPR.*

| Particulars | Schedule | Current Year | Previous Year |
|---|---|---|---|
| **Income** | | | |
| Grant Income | 9 | 17,792,985.00 | 11,295,705.86 |
| HICODEF Core Income | 10 | 2,453,767.37 | 2,460,124.91 |
| Interest Income | | 3,151.55 | 14,227.32 |
| **Total (A)** | | **20,249,903.92** | **13,770,058.09** |
| **Expenses** | | | |
| Program Expenses | 11 | 17,792,985.00 | 11,295,705.86 |
| Administrative Expenses | 12 | 2,235,067.00 | 2,930,460.87 |
| Depreciation Expenses | 1 | 160,271.70 | 159,865.90 |
| **Total (B)** | | **20,188,323.70** | **14,386,032.63** |
| **Surplus/Deficit Transferred to Balance Sheet (A-B)** | | **61,580.22** | **(615,974.54)** |

# HIMALAYAN COMMUNITY DEVELOPMENT FORUM (HICODEF)

Kawasoti-2, Nawalparasi

## BALANCE SHEET

As on Ashad 31, 2076 (Corresponding to 16 July 2019)

*Amount in NPR.*

| Assets | Schedule | Current Year | Previous Year |
|---|---|---|---|
| **Non-Current Assets** | | | |
| Property, Plant and Equipment | 1 | 2,005,756.09 | 2,199,063.41 |
| **Current Assets** | | | |
| Bank & Cash Balance | 2 | 3,383,960.08 | 1,962,348.49 |
| Inventories | 3 | - | 175,071.00 |
| Receivables, Loan & Advances | 4 | 430,506.34 | 483,528.41 |
| **Total** | | **5,820,222.51** | **4,820,011.31** |

| Funds and Liabilities | Schedule | Current Year | Previous Year |
|---|---|---|---|
| **Funds** | | | |
| Surplus Fund | 5 | 4,046,082.12 | 3,984,501.90 |
| Scholarship Fund | 6 | 32,199.25 | 8,199.25 |
| **Current Liabilities** | | | |
| Donor Fund | 7 | 657,426.85 | 81,639.80 |
| Payables | 8 | 1,084,514.29 | 745,670.36 |
| **Total** | | **5,820,222.51** | **4,820,011.31** |

समाप्त